सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१४ असार २०८२, शनिबार (28 June 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ७६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

LG AI

Affectionate Intelligence

Life isn't always easy. And we humans aren't perfect.
We shrink our favourite sweaters. Leave phones in car. Forget that important meeting.

At LG we get that. Which is why our AI is designed around humans to help us be, well, more human. So in an industry that talks about technology first, we're going to say something different. Something a little more human.

Come and Witness
The Beginning of the Future

Saturday, 28th June 2025 , @ The Plaza, Lalitpur, 11 - 5PM

Join the Experience | Entry is Free

Step Into the World of LG Affectionate Intelligence

An Experience Where Technology Feels Human

Be part of an extraordinary showcase where innovation isn't just seen — it's felt.
Explore next-gen LG AI-powered appliances, smart displays, and intuitive experiences designed to understand you, adapt to you, and grow with you.















Don't Miss Out!
Witness the Beginning of the Future.

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

१४ असार २०८२, शनिबार (28 June 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ७६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

एसइईमा ६१.८१% विद्यार्थी ग्रेडेड, गणितमा कमजोर

गत वर्षभन्दा १३.९५ प्रतिशत नतिजा सुधार, व्यावहारिक सिपमा शिक्षाविद्को प्रश्न



शिवहरि घिमिरे / नयाँ पत्रिका

राष्ट्रिय परीक्षा बोर्डले शुक्रबार प्रकाशित गरेको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजाअनुसार नियमिततर्फ ६१.८१ प्रतिशत विद्यार्थी (२,७१,२९९ जना) 'ग्रेड' ल्याउन सफल भएका छन् । 'ग्रेड' ल्याएका विद्यार्थी कक्षा ११ मा भर्नाका लागि योग्य मानिन्छन् ।

नियमित परीक्षामा सहभागी चार लाख ३८ हजार ८९६ परीक्षार्थीमध्ये ३८.१८ अर्थात् एक लाख ६७ हजार ५९७ जना विद्यार्थी ननग्रेडेड भएका छन् । सहभागीमध्ये १२६ परीक्षार्थीको परीक्षा भने रद्द भएको बोर्डले जनाएको छ ।

७ चैत ०८१ देखि १९ चैतसम्म

» पृष्ठ ७ मा क्रमशः

■ नतिजा सुधिएकोमा प्रधानमन्त्रीले दिए बधाई, अंक देखाएर फुर्ती नगर्न शिक्षाविद्को सुझाव

एसइईको नतिजा सुधिएकोमा प्रधानमन्त्री केपी ओलीले शिक्षक र विद्यार्थीलाई बधाई दिएका थिए । 'एसइई नतिजामा गत वर्षको भन्दा १३.९५ प्रतिशतले सुधार आएको छ । शिक्षकहरूलाई धन्यवाद । सफल विद्यार्थीलाई फेरि बधाई ! बितेको वर्षमा नतिजा सुधार गर्न हामीले गरेको मिहिनेत काम लागेको छ,' प्रधानमन्त्रीले सामाजिक सञ्जालमा लेखेका छन् ।

त्यसैबिच, शिक्षाविद् विद्यानाथ कोइरालाको टिप्पणी छ- पासको अंक बढ्यो भनेर यसैमा फुर्ती गर्ने कि त्यसभित्रको व्यावहारिक र कृपा गरेर पास भएको पनि हेर्ने ? अर्को कुरा, विद्यार्थीको सिप परीक्षण भएन, नतिजामा उनीहरूको सिपको विषय जोडिएन । अब उत्तीर्ण भएकाहरूले विदेश जान खोज्छन्, उनीहरूलाई कसरी रोक्ने ? हामीले जुन तरिकाले परीक्षा लिन्छौं र नतिजा निकाल्छौं त्यसमा विद्यार्थीलाई फेल हुने अधिकार हुँदैन, अर्थात् ग्रेडिड सिस्टममा फेल गर्न मिल्दैन ।

■ तिक्तताबिच ओली-भण्डारी आज एउटै मञ्चमा

सक्रिय राजनीतिमा फर्किने औपचारिक सन्देश दिने भण्डारीको तयारी

भण्डारी राजनीतिमा सक्रिय भए एमालेको आन्तरिक मात्र होइन, राष्ट्रिय राजनीतिमै अर्थ राख्ने

भण्डारी पार्टी नेतृत्वमा आउनुपर्ने वकालत गरिरहेका एमाले स्थायी समिति सदस्य कर्ण थापा भन्छन्-



उहाँ (पूर्वराष्ट्रपति विद्या भण्डारी)ले शनिबार मदन भण्डारी फाउन्डेसनद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने कार्यक्रम छ । सम्बोधनको राम्रो तयारी पनि छ । स्पष्ट राजनीतिक सन्देश दिनुहुन्छ ।

नयाँ पत्रिका

मदन भण्डारी फाउन्डेसनले हरेक वर्ष एमालेका तत्कालीन महासचिव मदन भण्डारीको जन्मोत्सवका अवसरमा कार्यक्रम गर्छ । यस वर्ष पनि शनिबार राष्ट्रिय सभागृहमा 'जबजका तीन दशक' विषयक गोष्ठी गर्दै छ । तर, एमालेको आन्तरिक जीवनमा यसपटक 'हल्लीखल्ली' मच्चिएको छ । कारण, यही कार्यक्रमबाट पूर्वराष्ट्रपति तथा मदनपत्नी विद्या भण्डारीले सक्रिय राजनीतिमा फर्किने औपचारिक सन्देश दिने तयारी गरेकी छिन् । एमाले अध्यक्ष तथा प्रधामन्त्री केपी ओली त्यसको विपक्षमा छन् ।

फाउन्डेसनले शनिबारको कार्यक्रममा प्रधानमन्त्री ओलीलाई प्रमुख अथिति र पूर्वराष्ट्रपति भण्डारीलाई विशिष्ट अथिति बनाएको छ । शीतलनिवासबाट बिदाइ भएको एक वर्षमा भण्डारीको सक्रियता, भेटघाट र देश-विदेश भ्रमणले उनको सम्भावित यात्राको जनाउ दिइसकेका छन् । यी घटनाक्रमबिच शनिबार उनी एमाले नेतृका रूपमा प्रस्तुत हुने र आगामी महाधिवेशनबाट मूल नेतृत्वका लागि दाबी प्रस्तुत गर्ने तयारी छ । यसले एमालेको आन्तरिक जीवनमा मात्र होइन, राष्ट्रिय राजनीतिमा समेत महत्त्वपूर्ण अर्थ राख्नेछ ।

भण्डारी पार्टी नेतृत्वमा फर्किनुपर्ने वकालत गरिरहेका एमाले स्थायी समिति सदस्य कर्ण थापाले शनिबारको कार्यक्रमबाट पूर्वराष्ट्रपतिले त्यस्तो सन्देश दिने बताए । 'उहाँ (विद्या)ले मदन भण्डारी फाउन्डेसनद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्ने कार्यक्रम छ । सम्बोधनको राम्रो तयारी छ । स्पष्ट राजनीतिक सन्देश

» पृष्ठ ७ मा क्रमशः


■ ओली-विद्या सार्वजनिक रूपमै सवालजवाफ

भण्डारीको सक्रियताप्रति लक्षित गर्दै २५ जेठमा ओलीले भनेका थिए-

कार्यकर्ताको मनस्थिति बिथोल्न खोज्नेलाई निस्तेज पार्नुस्

ओलीको चेतावनी आएको तेस्रो दिन २७ जेठमा भण्डारीले जवाफ दिइन्-

घुमफिर गर्न मैले एमाले नेतृत्वसँग अनुमति लिइरहनुपर्दैन



अहिले हल्ला चलेको छ, तल-तल यो ग्रुप भनेका छन्, त्यो ग्रुप भनेका छन् । यसको कुनै आवश्यकता छैन । अर्को खेल हुन खोजेको छ यहाँ, फलानो आउने रे, यस्तो-उस्तो । पार्टीमा कुनै छलफल भएको छैन, को अध्यक्ष, को उपाध्यक्ष । महाधिवेशन घोषणा भएको छैन । बाहिर-बाहिर हल्ला चलाएर पार्टीलाई कमजोर पार्न खोज्ने, पार्टी कार्यकर्ताको मनस्थिति बिथोल्न खोज्नेलाई निस्तेज पार्नुस् ।

म पनि समाजकै मानिस हुँ । मैले पनि भेटघाट र जनसम्बन्ध बनाउनुपर्छ । यसैले जनतासँग भेटघाट गरेर जनधारणा बुझ्नु मेरो पनि कर्तव्य हो । राष्ट्रिय आकांक्षालाई साकार बनाउन हामी सबै लाग्नुपर्छ । त्यो हाम्रो परम् कर्तव्य पनि भएकाले देश र नयाँ पुस्ताका लागि हामीले बाँचुन्जेल संघर्ष गर्नुपर्छ । यसैले देशभित्र घुमफिर गरिरहन मैले कसैको अनुमति लिइरहनुपर्दैन ।

शनिबारको कार्यक्रममा के-के हुँदै छ ?

मदन भण्डारी फाउन्डेसनले शनिबार गर्ने समारोहलाई प्रधानमन्त्री केपी ओली, पूर्वराष्ट्रपति विद्या भण्डारीबाहेक एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पनि सम्बोधन गर्ने कार्यक्रम छ । ओली सुरुमै सम्बोधन गरेर निस्किने तयारी रहेको भण्डारीनिकट एक नेताले बताए । उनी शनिबार साँझ नै स्पेन भ्रमणमा जाँदै छन् । कार्यक्रमबाट एमालेले वर्षभरि जननेता मदन भण्डारीको जन्मजयन्ती मनाउने र यसको समन्वयका लागि वरिष्ठ उपाध्यक्ष पोखरेललाई जिम्मा दिने घोषणा पनि गर्ने तयारी छ । यसबाट ओलीनिकट नेताहरू थप झस्किएका छन् । 'मदनको हीरक जन्मजयन्ती मनाउने तयारी पनि राजनीतिक उद्देश्यका लागि हो । वरिष्ठ उपाध्यक्ष पोखरेलको नेतृत्वमा यसका लागि अभियान सञ्चालन गर्ने घोषणाले एमालेभित्र नयाँ समीकरणको सन्देश पनि प्रवाह हुनेछ,' एमालेका एक नेताले भने ।

झन् नयाँ

जसले नैतिकता देखाए, पदमा बसिरहन चाहेनन्



विश्व राजनीतिमा आफूमाथि प्रश्न उठेको अवस्था वा जिम्मेवारी राम्ररी बहन नगरेको आरोप लागेपछि नैतिकताका आधारमा पद त्यागने गरेका उदाहरण पनि प्रशस्त छन्

● श्रवण उप्रेती

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ सिन्धुपाल्चोकमा क्रूर अपराध

११ वर्षीया बालिकाको सामूहिक बलात्कारपछि निर्मम हत्या



सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

सिन्धुपाल्चोकमा ११ वर्षीया बालिकाको सामूहिक बलात्कारपछि निर्मम हत्या भएको छ । आफ्नै ठुलोबुवाको छोरा र गाउँका दाइहरूबाट पूर्वयोजना बनाएरै यस्तो क्रूर अपराध भएको हो । घटनामा संलग्न पाँचजनालाई प्रहरीले पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ ।


गत १० असारको बेलुका भोटेकोशी गाउँपालिका- ५, मार्मिङ छ्यादीमा

» पृष्ठ ७ मा क्रमशः


■ जीवनभर जेल सजाय हुन सक्ने

यो घटनामा संलग्नहरूमाथि जीवनभर जेल सजाय हुने कानुनी व्यवस्था रहेको छ । मुलुकी अपराध संहितामा ६ प्रकारको अपराधमा जीवनभर जेल सजायको व्यवस्था छ । जसमा निर्ममतापूर्वक ज्यान मारेको र बलात्कारपछि हत्या गरेको अपराध पनि छ । यो घटनामा दुवै अपराध आकर्षित हुन्छ । उनीहरूले बलात्कारपछि हत्या गरेका थिए । अर्कातर्फ निर्ममतापूर्वक हत्या गरेका थिए । घाँटी न्याक्ने, भिरबाट लडाउने र टाउकोमा ढुंगाले हानेर बालिकाको हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको छ । जसअनुसार उनीहरूमाथि आजीवन कारागारको सजायअन्तर्गत अभियोजन हुने जिप्रका सिन्धुपाल्चोकका एक अधिकारीले बताए । निर्ममतापूर्वक ज्यान मारेको, वायुयान अपहरण गरी विस्फोट गरी ज्यान मारेको, अपहरण गरी हत्या गरेको, सार्वजनिक रूपमा उपयोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेको, जाति हत्या गरेको र जबर्जस्ती करणी गरी ज्यान मारेको अभियोग पुष्टि भएमा जीवनभर जेल बस्नुपर्ने प्रावधान २०७४ सालमा ल्याइएको मुलुकी अपराध संहितामा राखिएको छ ।

नेपाल कै नं. 1 सोफा फ्याक्ट्री
सोफा हब काठमाडौं प्रा.लि.




मात्र रु. 99,000 /-



मात्र रु.80,000 /-

प्रधान कार्यालय सम्पर्क गोठाटार 9851152589



मात्र रु.35,000 /-



मात्र रु.65,000 /-

हाम्रा शाखाहरु

कलंकी 9705114871 | सामाखुसी 9820114870 | पोखरा 9820114872 | बिर्तामोड 9705114873 | चितवन 9845728156 | नेपालगंज 9705114870

सस्तो पनि राम्रो पनि, टिक्छ मज्जाले टिक्छ

SOFA HUB KATHMANDU PVT. LTD.

UP TO 20 YEAR WARRANTY | FREE DELIVERY | 100% PREMIUM QUALITY

■ बागमतीको बजेटबारे विपक्षी दलको धारणा

योजना बेचेर ल्याएको बजेटले प्रदेशको शिर झुक्यो

■ यो बजेटले अलिअलि अर्थतन्त्र बुझ्ने कांग्रेसीलाई मुखै छोप्ने परिस्थिति तुल्याईदिएको छ



● **उदयशमशेर राणा**, कांग्रेस सांसद

०६४ पछि संघमा यसपटक कम्युनिस्ट अर्थमन्त्रीले ल्याएको बजेट व्यावहारिक छ । निजी क्षेत्रलाई प्रोत्साहन गरेको छ । तर, बागमती र मधेशमा जुन किसिमले बजेट ल्याइएको छ यसले अलिअलि अर्थतन्त्र बुझ्ने कांग्रेसीलाई मुखै छोप्ने परिस्थिति बनाएको छ । हामीले एमाले र कम्युनिस्टलाई अर्थतन्त्र कसरी चलाउने भनेर सिकायौं, तर हामी आफैंले नसिक्दाचाहिं दुःख लागेको छ ।

■ योजना बिक्री गरेर ल्याएको बजेटले सरकारको मात्र होइन, समग्र प्रदेशकै बदनाम भयो



● **युवराज दुलाल**, माओवादी सांसद

म मन्त्री भएका वेला दुईपटक बजेट बनाएको अनुभव छ । तर, यसपटकजस्तो आर्थिक अनुशासन तोडेर कहिल्यै बजेट आएको थाहा छैन । योजना बिक्री गरेर ल्याएको बजेटले सरकारको मात्र होइन, समग्र प्रदेशकै बदनाम भयो । सबै प्रदेशवासीको शिर झुकेको छ । संघीय अनुदान र प्रदेशको आम्दानी गरेर ६० अर्बभन्दा बढीको बजेट नै बनाउन सकिँदैन, तर सरकारले ६७ अर्बको बजेट ल्याएको छ, के आधारमा यति ठुलो बजेट बन्यो भनेर हेर्दा प्रदेशलाई विकासको गति दिने योजना पनि छैनन् ।

■ बजेट राम्रो छ, तर किन असन्तुष्टि रह्यो भन्ने बुझ्नेको छैन



● **कुन्दन काफ्ले**, आर्थिक मामिलामन्त्री

सरकारको नीति, कार्यक्रमअनुसार नै बजेट सार्वजनिक गरिएको छ । संविधानले तोकेको परिधिभित्र रहेर बागमती प्रदेशमा रोजगारी सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने, विकास निर्माणलाई तीव्रता दिनेलगायत विषयमा बजेटलाई प्राथमिकतामा राखिएको छ । विगतमा अनुदान दिएर कार्यान्वयन भइरहेका परियोजनालाई पनि पिपिपी मोडलमा लैजाने गरी निरन्तरता दिइएको छ । सांसदहरूलाई वितरण गर्दै आएको निर्वाचन क्षेत्रअन्तर्गतको कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट बनाइएको छ । त्यसमा कसैलाई काखा, कसैलाई पाखा गरिएको छैन । तर, के विषयमा असन्तुष्टि बढेको भन्ने बुझ्नै सकेको छैन ।

अजित अधिकारी / नयाँ पत्रिका

बागमती सरकारले ल्याएको आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटप्रति प्रमुख प्रतिपक्षी दल माओवादीले कडा आपत्ति जनाएको छ । बजेट 'योजना बेचेर ल्याइएको' आरोप लगाउँदै उसले प्रदेशवासीको समेत शिर झुकाएको टिप्पणी गरेको छ । बजेटमा योजनाको खरिद-बिक्री भएको आरोप केवल प्रतिपक्षमै सीमित छैन । सत्तापक्षमै रहेका कांग्रेसका केही सांसदले समेत बजेट प्रक्रियामाथि प्रश्न उठाउँदै आलोचना गरेका छन् ।

» पृष्ठ ७ मा क्रमशः

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति

नारदमणि हार्तम्छालीलाई मन परेका पुस्तक



मेरा लागि साहित्य र कला प्रेरणाका स्रोत हुन् । यसको तलतल सधैं लागिरहन्छ । कला साहित्य जीवनको महत्त्वपूर्ण खुराक बनेको छ । मलाई दर्शनशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्रका पुस्तक पढ्न रुचि लाग्छ । पुस्तक अध्ययनले नै प्रगतिशील क्षेत्रमा लाग्न मद्दत गऱ्यो ।



सुम्निमा : बिपी कोइरालाको 'सुम्निमा' मलाई मन परेको पुस्तक हो । यसमा सुम्निमा र सोमदत्तबिचको प्रेम सन्दर्भलाई लिएर उनीहरूको यौन मनोविज्ञान विश्लेषण गरिएको छ । यही पुस्तक पढेपछि आध्यात्मिक र भौतिक दर्शन बुझ्ने मौका पाएँ । यस पुस्तकमा बिपीले पूर्वीय र पश्चिमा दर्शनलाई जोड्न खोजेको पाएँ । पुस्तकको विषयलाई लिएर किराँत समुदायमा विरोध पनि भएको थियो । किराँत समुदायका केहीले त यो पुस्तक जलाउनुपर्छ भनेको पनि सुनियो । म आफैं पनि किराँती समुदायको मान्छे हुँ । तर, मलाई विरोध गर्नुपर्छ जस्तो लागेन । कुनै पनि सिर्जना जलाउनुहुँदैन भन्ने लाग्छ ।



मुनामदन : महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' अर्को मन पर्ने पुस्तक हो । मदन रोजगारीका लागि ल्हासामा जाँदा उसले भोगेको पीडा पुस्तकमा पाइन्छ । घरको आर्थिक स्थिति कमजोर हुँदा मदनको परिवारले कतिसम्म दुःख पाउँछ भन्ने पुस्तक अध्ययनपछि थाहा हुन्छ । आर्थिक अभावकै कारण मदन श्रीमती र आमा छाडेर ल्हासा जान्छ । मदनले परिवार छोड्नुपर्ने बाध्यता र मुनाले गरेका वेदना निकै नै मार्मिक छन् । यो पुस्तक पढ्दा म निकै भावुक भएको थिएँ । महाकवि देवकोटाले मुनामदनमा परिवार छाडेर मुलान जानुको बाध्यता र कठिनाइ मान्छेको संवेदनशील पीडाको रूपमा चित्रण गरेका छन् ।




लक्ष्मी निबन्ध संग्रह : लक्ष्मीप्रसाद देवकोटाकै अर्को कृति लक्ष्मी निबन्ध संग्रह पनि मलाई निकै मन परेको पुस्तक हो । यो संग्रहमा देवकोटाले प्रकृतिको व्याख्या गरेका छन् । लक्ष्मी निबन्ध संग्रहको 'बाला', 'किसान'जस्ता निबन्धले मेरो जीवनमा निकै प्रभाव पारेका छन् । यसमा मैले प्रकृति चेतना, मानव संवेदना र अनुभूतिको उत्कृष्ट कलात्मक अभिव्यक्ति पाएँ । यसको लेखन कम्पोजिसन निकै सुन्दर छ । देवकोटाको अनुभूतिगत रूपमा लेखन शैली मन पर्छ । लक्ष्मी निबन्ध संग्रह पढेपछि देवकोटामा स्वछन्द तरिकाले लेख्ने खुबी पाएँ ।

शिरीषको फूल : पारिजातको 'शिरीषको फूल' मलाई मनपर्ने पुस्तकमध्ये एक हो । यो पुस्तक पढ्दा मैले छुट्टै दर्शन पाएँ । यो पुस्तकमा स्वतन्त्रता र स्वाछन्दित दर्शन पाइन्छ । शिरीषको फूलमा पारिजातले पुरुषप्रधान समाजले महिलालाई गरेको व्यवहारलाई विद्रोही तरिकाले लेख्नुभएको छ । यो पुस्तक पढेपछि मान्छेलाई उकुसमुकुस भएपछि जुनसुकै माध्यमबाट विद्रोह खोज्दो रहेछ भन्ने महसुस भयो । मानिसमा विद्रोह चेत हुनुपर्ने रहेछ भन्ने लाग्यो ।



आमा : मेरो जीवनमा महत्त्वपूर्ण प्रभाव पार्ने रसियाली लेखक तथा उपन्यासकार म्याक्सिम गोर्कीको 'आमा' पनि हो । कारखानाका कामदारले गरेको आन्दोलनमा आधारित भएर उपन्यास लेखिएको छ । यस पुस्तकले पनि मलाई प्रगतिशील क्षेत्रमा लाग्न ठुलो सहयोग गरेको छ । साँच्चै भन्नुपर्दा गोर्कीलाई म क्रान्तिको गाइडका रूपमा लिन्छु । चरित्रगत रूपमा क्रान्तिकारी बनाउने गोर्कीको आमाको आदर्श धेरैको जीवनमा लागू हुन्छ जस्तो लाग्छ । यो पुस्तकले मलाई मजदुर आन्दोलनमा लाग्नसमेत प्रेरित गऱ्यो । आमा पढेपछि आफैंलाई पनि गोर्कीजस्तो भएको महसुस गर्छु । तर, मेरो बाल्यकाल गोर्कीको जस्तो थिएन । पुस्तकले मलाई निकै समयसम्म रन्थनायो र मजदुरहरूसँग नजिक हुन सिकायो । गोर्कीको 'आमा' बाट धेरै मान्छेहरू प्रेरित भएका छन् जस्तो लाग्छ ।



युवाहरूको गीत : चिनियाँ लेखक याङ मोले लेखेको उपान्यास 'युवाहरूको गीत' (द सङ अफ युथ) ले मलाई निकै छोयो । द सङ अफ युथ (युवाहरूको गीत) मोको चर्चित उपन्यास हो । मैले नेपालीमा अनुवाद गरिएको संस्करण पढें । याङ मो आफैंमा क्रान्तिकारी एवं सिर्जनशील चिनियाँ लेखकसमेत हुन् । यो उपन्यासमा चीनको क्रान्तिमा युवा विद्यार्थीले निभाएको क्रान्तिकारी गतिविधिको चित्र छ । यो उपान्यसमा चीनको क्रान्तिको सन्दर्भमा व्याख्या गरिएको छ । खग्रेन्द्र संग्रौलाले नेपालीमा अनुवाद गरेको पुस्तक पढ्दा कताकता आफ्नै जीवन भोगाइसँग मिल्दोजुल्दो लाग्यो ।

विदेश

जसले नैतिकता देखाए पदमा बसिरहन चाहेनन्



● श्रवण उप्रेती

अहिले विश्वभर नै अधिकांश राजनीतिज्ञ अलोकप्रिय बनिरहेका छन् । राजनीतिक दल र नेतृत्वमा गुम्दै गएको नैतिकताका कारण पनि यस्तो स्थिति सिर्जना भएको हुन सक्ने विश्लेषक बताउँछन् । पछिल्लो समय नेपालमै पनि भिजिट भिसाको आवरणमा रकम असुलेर मानव तस्करी हुने गरेको सार्वजनिक भएको छ । त्यसमा गृहमन्त्रीसहितकै उच्च पदका कर्मचारीको संलग्नता रहेको गम्भीर आरोप लागेको छ । संसद्का चौथो र पाँचौं ठुला दलले न्यायिक समिति वा संसदीय समिति बनाएर छानबिन गर्नुपर्ने माग गरिरहेका छन् । तर, सरकारले उल्टै आरोपित गृहमन्त्री रमेश लेखकको छनोट र प्रस्तावमा झारा टार्ने छानबिन समिति बनाएको छ । तथापि, विश्व राजनीतिमा भने आफूमाथि प्रश्न उठेको अवस्था वा जिम्मेवारी राम्ररी बहन नगरेको आरोप लागेपछि नैतिकताका आधारमा पद त्याग्ने गरेका उदाहरण प्रशस्त छन् । यहाँ त्यस्तै केही नेताको चर्चा गरिएको छ :

सन्ना मारिन, प्रधानमन्त्री
फिनल्यान्ड (२०२३)



सन्ना मारिन
प्रधानमन्त्री, फिनल्यान्ड

सन् २०१९ मा फिनल्यान्डकी प्रधानमन्त्री चुनिँदा मारिन जम्मा ३४ वर्षकी थिइन् । उनले त्यति वेलाको विश्वको सबैभन्दा कान्छी सरकार प्रमुखको रेकर्डसमेत राखेकी थिइन् । उनले कठिन समयमा देशको नेतृत्व गरेकी थिइन् । प्रधानमन्त्रीका रूपमा उनले कोभिड-१९ विरुद्ध सफल योजना सञ्चालन गरिन् । त्यस्तै युक्रेनमाथि रुसी आक्रमणपछि रुससँग सिमाना जोडिएको उनको देशलाई नेटो सदस्य बनाउन नेतृत्वदायी भूमिका खेलिन् ।

चार वर्षको कार्यकाल पूरा गरेपछि सन् २०२३ मा भएको निर्वाचनमा उनले नेतृत्व गरेको 'सोसल डेमोक्रेटिक पार्टी अफ फिनल्यान्ड'ले पहिलो दलको हैसियत गुमायो । लोकप्रिय मत र सिट दुवैमा पार्टी तेस्रो बन्यो । लगत्तै उनले पार्टी नेतृत्व मात्र होइन, आफ्नो सांसद पदबाट समेत राजीनामा दिइन् । यहाँसम्म कि उनले राजनीतिबाट नै सन्यासको घोषणा गरिन् । जबकि पार्टीको विधानमा त्यसरी राजीनामा दिनुपर्ने व्यवस्था थिएन । फिनल्यान्डको राजनीतिक अभ्यास पनि पहिले त्यस्तो देखिएको थिएन । तर, पार्टीको हारको जिम्मा लिँदै मारिनले राजनीतिमा आफूले गर्न सक्ने गरेको र अब नयाँ व्यक्तिलाई पालो दिन चाहेको बताउँदै राजनीतिबाटै सन्न्यास लिइन् ।

डेभिड क्यामरुन
प्रधानमन्त्री, बेलायत

सन् २०१० मा बेलायतमा भएको आमनिर्वाचनमा कन्जर्भेटिभ पार्टी पहिलो दल बन्यो । डेभिड क्यामरुनको नेतृत्वमा निर्वाचनमा गएको सो दल १३ वर्षको अन्तरालपछि सत्तामा फर्किन सफल भयो । तथापि, कन्जर्भेटिभ पार्टीसँग बहुमतभन्दा केही कम सिट रहेकाले उसले लिबरल डेमोक्रेट्ससँग मिलेर गठबन्धन सरकार बनायो । क्यामरुनले दोस्रो विश्वयुद्धपछि बेलायतको पहिलो गठबन्धन सरकारको नेतृत्व गरे । शक्तिशाली बेलायतको प्रधानमन्त्री हुँदा उनी ४३ वर्षका थिए, जुन आधुनिक कालका सबैभन्दा कान्छा ब्रिटिस प्रधानमन्त्रीको रेकर्ड थियो ।

यस कार्यकालमा उनको कामकै कारण हुन सक्छ, सन् २०१५ को आमनिर्वाचनमा कन्जर्भेटिभ पार्टी एकल बहुमत ल्याउन सफल भयो । निर्वाचनका क्रममा उनको घोषणापत्रमा देशमा चर्किँदै गएको युरोपेली संघको सदस्यको विषयमा जनमत संग्रह गराउने वाचा पनि उल्लेख थियो । चुनावी वाचाअनुरूप क्यामरुनले दोस्रो कार्यकाल सम्हालेको एक वर्षपछि २३ जुनमा बेलायत युरोपेली संघमै रहने वा बाहिरिने दुई प्रश्नमा जनमतसंग्रह गरे । निर्वाचनमा क्यामरुनले संघमै रहनुपर्छ भन्ने पक्षमा अभियान चलाएका थिए । तर, झिनो अन्तरले युरोपेली संघबाट बाहिरिनुपर्ने पक्षमा बहुमत आयो । ५१.८९ प्रतिशत मतदाताले बाहिरिनुपर्ने पक्षमा मत जाहेर गरेका थिए । निर्वाचनको परिणाम आएको केही घण्टापछि नै क्यामरुनले आफ्नो मुद्दा हारेको भन्दै राजीनामा दिने घोषणा गरे । सोही घोषणाअनुरूप १३ जुलाईमा थेरेसा मे कन्जर्भेटिभ पार्टीकी नयाँ नेतृ चुनिएपछि उनले राजीनामा दिए ।

बेनेडिक्ट सोह्रौं पोप
भ्याटिकन सिटी

'पोप' इसाई धर्मभित्रको प्रमुख सम्प्रदाय क्याथोलिकका सर्वोच्च नेता हुन् । पोपले विश्वभरका करिब अढाई अर्ब क्याथोलिकको नेतृत्व गर्छन् । एकपटक चुनिएपछि पोप भ्याटिकन सिटी नामक विश्वको सबैभन्दा सानो देशका (जुन एक धार्मिक राज्य हो) राजा नै हुन् । यस पदमा पुग्ने हरेक क्याथोलिक पादरीको सपना हुन्छ । इतिहासमा एकपटक पोप चुनिएपछि उनको मृत्यु नभएसम्म सो पद स्वेच्छाले त्यागेको घटना बिरलै देखिन्छ । पोप पदको शक्ति तथा सुविधाका कारण पछिल्लो ७१५ वर्षको इतिहासमा कुनै पनि व्यक्तिले स्वेच्छाले पद त्यागेका थिएनन् । तर, यसमा पछिल्लो अपवादका रूपमा देखिए पोप बेनेडिक्ट सोह्रौं । सन् २००५ मा पोप चुनिएका बेनेडिक्ड सोह्रौंले आठ वर्षपछि पोप पद स्वेच्छाले त्यागे । मुटुसम्बन्धी रोग चर्किँदै गएपछि स्वास्थ्य समस्याका कारण पोपको जिम्मेवारी पर्याप्त रूपमा पूरा गर्न असमर्थ रहेको जनाउँदै उनले पद छाडेका थिए । जबकि उनीभन्दा अघि र पछि पनि अस्वस्थ्य रहेको समयमा समेत पोप कायम रहेको प्रशस्तै उदाहरण भेटिन्छ । तर, उनले सकी-नसकी पोपमा रहनु ठिक नहुने बताएर पद त्यागे । पोप छाडेको करिब १० वर्षपछि मात्र सन् २०२३ मा उनको निधन भयो ।



बेनेडिक्ट सोह्रौं, **पोप**,
भ्याटिकन सिटी (२०१३)

सिन्जो आबे
प्रधानमन्त्री, जापान

सन् २०२२ मा चुनावी र्‍यालीमा भाषण गरिरहेका सिन्जो आबेमाथि एक विक्षिप्त व्यक्तिले गोली हानेपछि उनको निधन भयो । मारिनुअघि सिन्जो आबे जापानका सबैभन्दा शक्तिशाली राजनीतिज्ञमध्ये एक थिए । पदमा रहँदा होस् वा बाहिर उनी आफ्नो दलमा उत्तिकै प्रभावशाली मानिन्थे । जापानका सबैभन्दा लामो समयसम्म प्रधानमन्त्री रहेको रेकर्ड बनाएका आबे पहिलोपटक सन् २००६ मा प्रधानमन्त्री बनेका थिए । तर, आफ्नो मन्त्रिपरिषद्का सदस्य एकपछि अर्को विवादमा फस्न थालेपछि उनले छोटो समयमै त्यति वेला राजीनामा दिएका थिए । पहिलोपटक उनको क्याबिनेटका कृषिमन्त्री तोसिकात्सु मात्सुओका राजनीतिक चन्दासम्बन्धी काण्डमा जोडिए । विवाद बढ्दै गएपछि मान्सुओकाले आत्महत्या गरे, जुन दोस्रो विश्वयुद्धपछि कुनै जापानी मन्त्रीले गरेको पहिलो आत्महत्या थियो । सो मन्त्रालयमा मात्सुओकापछि आएका नयाँ कृषिमन्त्री पनि पुरानै राजनीतिक चन्दा काण्डमा तानिए । उनले पनि राजीनामा दिए । यसले सोही समयपछि भएको माथिल्लो सदनको चुनावमा आबेको सत्तारुढ पार्टीले ५२ वर्षमा पहिलोपटक बहुमत गुमायो । यसपछि आबेले आफू नजोडिएको भए पनि आफ्नो नेतृत्वको सरकारको सदस्यले गरेको गल्तीका लागि नैतिक जिम्मेवारी लिँदै प्रधानमन्त्री पदबाट राजीनामा दिए ।

लैला फ्रिभाल्ड्स
विदेशमन्त्री, स्विडेन

३० सेप्टेम्बर २००५ मा डेनिस पत्रिका 'जिल्यान्ड्स पोस्टेन'मा इस्लाम धर्मका संस्थापक पैगम्बर मोहम्मदको कार्टुन छापियो । इस्लाम धर्मअनुसार मोहम्मदको तस्बिर प्रकाशित गर्ने कार्य धर्मविरोधी हो । त्यसमाथि उक्त कार्टुनले मोहम्मद र मुस्लिम धर्ममाथि नै व्यंग्य गरेको थियो । यसबाट धेरै मुस्लिम चिढिए । डेनमार्कमा सक्रिय मुस्लिम समूहले कार्टुन आफ्नो धर्म प्रवर्तकप्रति अपमानजनक भएको भन्दै उक्त संस्थाविरुद्ध कदम चाल्न सरकारसँग माग गऱ्यो । न्यायालयमा मुद्दा हालियो । तर, दुवै निकायले यसलाई अभिव्यक्ति स्वतन्त्रताको विषय भन्दै कुनै कदम चाल्न अस्वीकार गऱ्यो । अन्य पश्चिमी देशले पनि डेनमार्कलाई समर्थन जनाए ।

यो विषयले मुस्लिमबहुल देशका मिडियामा उलेख्य चर्चा पायो । ती देशमा डेनमार्क, पश्चिमी देश र इसाई धर्म तथा धर्मावलम्बीविरोधी भावना चुलियो । धेरै ठाउँमा हिंसा भड्कियो । यस घटना सम्बन्धमा भएको दंगाहरूमा विश्वभर झन्डै २५० जना मारिए । घटनालाई डेनमार्कका तत्कालीन प्रधानमन्त्रीले देशले दोस्रो विश्वयुद्धपछि भोगेको सबैभन्दा खराब अन्तर्राष्ट्रिय सम्बन्धको परिघटनाको संज्ञा दिए । यही घटनासँग जोडिएका कारण डेनमार्कको छिमेकी देश स्विडेनकी विदेशमन्त्री लैला फ्रिभाल्ड्सले राजीनामा दिनुपऱ्यो । विवाद चर्किरहेकै वेला सत्तारुढ दल स्विडेन डेमोक्रेट्स पार्टीले आफ्नो वेबसाइटमा 'जिल्यान्ड्स पोस्टेन'लाई समर्थन गर्दै मोहम्मदलाई व्यंग्य गर्दै कार्टुन छापेको थियो । तर, कार्टुन छापिएको केही समयपछि नै वेबसाइट बन्द भयो । वेबसाइट 'इन्टरनेट सर्भिस प्रोभाइडर'ले बन्द गरेको थियो । फ्रिभाल्ड्सले यो काम

डेभिड क्यामरुन, प्रधानमन्त्री
बेलायत (२०१६)





लैला फ्रिभाल्ड्स, विदेशमन्त्री
स्वीडेन (२००६)



सिन्जो आबे, प्रधानमन्त्री
जापान (२००७)



लालबहादुर शास्त्री, रेलमन्त्री
भारत (१९५६ र १९५७)

पार्टीका कुनै अन्य नेताले गरेको र आफूलाई केही थाहा नभएको बताएकी थिइन् । तर, पछि सूचनाको हकसम्बन्धी अधिकार

इतिहासमा एकपटक पोप चुनिएपछि उनको मृत्यु नभएसम्म सो पद स्वेच्छाले त्यागेको घटना बिरलै देखिन्छ । पोप पदको शक्ति तथा सुविधाका कारण पछिल्लो ७१५ वर्षको इतिहासमा कुनै पनि व्यक्तिले स्वेच्छाले पद त्यागेका थिएनन् । तर, पोप बेनेडिक्ट सोह्रौंले स्वास्थ्यका कारण पदबाट राजीनामा दिएका थिए ।

प्रयोग गरी हेर्दा यस विषयमा उनी पूर्ण जानकार रहेको देखियो । यो कुरा बाहिरिएसँगै २१ मार्च २००६ मा फ्रिभाल्ड्सले पदबाट राजीनामा दिएकी थिइन् ।

लालबहादुर शास्त्री
रेलमन्त्री, भारत

छिमेकी भारतमा नैतिकताका आधारमा पद त्याग्ने कुरा गर्दा अक्सर पूर्वप्रधानमन्त्री लालबहादुर शास्त्रीको चर्चा हुने गर्छ । तथापि, यो घटना उनी प्रधानमन्त्री हुनुअघि मन्त्री रहँदाको हो । भारत स्वतन्त्र भएपछिका पहिलो प्रधानमन्त्री जवाहरलाल नेहरूको सरकारमा शास्त्री रेलमन्त्री थिए । उनी सो पदमा रहँदा देशमा दुई ठुला रेल दुर्घटना भए ।

१४ **असार** (शनिबार)
२० **असार** (शुक्रबार)

साप्ताहिक राशिफल



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् । **मो** : ९८५१०६११२४



मेष

(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

अर्थलाभका अवसर आउनेछन् । राजनीतिक चासो पनि बढ्नेछ । तीर्थव्रत तथा देवालय आदिको भ्रमण हुन सक्छ । सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ । वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । सेयर बजारबाट सोचेअनुसारको सफलता मिल्नेछ । साताको अन्त्यमा परिवार तथा सन्तानले व्यापारमा सहयोग गर्ने हुनाले मनग्ये धनआर्जन गर्न सकिनेछ ।



वृष

(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

शुभचिन्तक तथा आफन्तको साथसहयोगले उपलब्धिमूलक काम गर्न सकिनेछ । नयाँ लगानीका मार्ग खुल्नेछन् । मायाप्रेममा सोचेअनुसार सफलता मिल्नेछ । शिक्षा क्षेत्रसँग सम्बन्धित व्यापारमा लगानी गरी मनग्गे धनआर्जन गर्न सकिनेछ । मनपरेको मानिसबाट उपहार तथा भौतिक सम्पत्ति प्राप्त हुनेछ । साताको अन्त्यमा धार्मिक यात्राको योग रहेको छ ।



मिथुन

(का, कि, कु, घ, ङ, छ, के, को, ह)

साताको प्रारम्भमा राजनीति तथा सामाजिक काम गर्दा ध्यान पुऱ्याउनुपर्नेछ । काममा आलोचना गर्नेहरू सक्रिय हुनेछन् । पठनपाठनमा प्रगति हुनेछ । घरमा नयाँ अतिथिको आगमन हुनेछ । बिहीबारपछि कृषिक्षेत्रबाट बेफाइदा हुनेछ । पारिवारिक सहयोग प्राप्त हुँदैन । साताको अन्त्यमा आम्दानी बढ्ने र उठ्नुपर्ने रकम हात लाग्नेछ ।



कर्कट

(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

साताको प्रारम्भमा व्यापार बढ्नुको साथै आम्दानीमा वृद्धि हुनेछ । पारिवारिक जमघट जुर्नुको साथै रमाइलो वातावरणमा समय व्यतीत गर्न सकिनेछ । गायन तथा कलाकारिता क्षेत्रमा समय लगानी गर्नेहरूले नाम तथा दाम दुवै कमाउन सक्नेछन् । साताको अन्त्यमा आफन्तको सहयोगमा नयाँ कामको जिम्मेवारी मिल्नेछ । स्थानान्तरणको योग रहेको छ ।



सिंह

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

व्यापार-व्यवसायमा समय दिन सके मनग्ये आम्दानी हुनेछ । भौतिक सम्पत्ति तथा धातु संग्रहको योग रहेको छ । आँट, साहस तथा पराक्रममा वृद्धि भएर जाने हुनाले पुरुषार्थी काम गरेर नाम तथा दाम दुवै कमाउन सकिनेछ । उद्योग तथा उत्पादनमूलक क्षेत्रमा लगानी गरी आम्दानी बढाउन सकिनेछ । साहित्यको क्षेत्रमा कलम चलाउनेहरूका लागि समय फलदायी रहेको छ ।



कन्या

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

साताको प्रारम्भमा पैतृक सम्पत्तिको प्रयोगमार्फत मनग्ये धनआर्जन गर्न सकिनेछ । व्यापार-व्यवसाय फस्टाएर जानेछ विगतमा भएका राम्रा क्रियाकलापको स्मरण हुनेछ । साझेदारीमा गर्न लागेका कामबाट जस मिल्नेछ । नयाँ कार्यको थालनी हुनेछ । धार्मिक यात्राको योग रहेकाले मनमा खुसियाली छाउनेछ । विदेशमा बसेर काम गर्नेहरूका लागि समयले साथ दिनेछ ।



तुला

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

शरीरमा उत्साह र उमंग प्राप्त हुनेछ । स्वास्थ्य सबल रहनेछ र काममा पनि फाइदाको योग रहेको छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । व्यवसायको लगानीले मनग्ये धनलाभ हुनेछ । आफन्त वा साथीभाइले निःस्वार्थ भावले सहयोग गर्नेछन् । साताको अन्त्यमा नयाँ ज्ञान प्राप्त हुनेछ । वैदेशिक यात्रा सफल हुनेछ ।



वृश्चिक

(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

नयाँ काममा लगानी गर्दा अभिभावकहरूको सुझाव तथा सहयोगको आवश्यकता पर्नेछ । चियोचर्चा गर्नेहरूसँग सावधान रहनुहोला । प्रेमी-प्रेमिकासँगको सम्बन्ध निराशामा परिणत हुने सम्भावना छ । बुधबार र बिहीबार रमाइलो भेटघाट हुने तथा स्वादिष्ट भोजनको अवसर जुर्ने योग रहेको छ ।



धनु

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

नयाँ काम र जिम्मेवारी हात पार्ने मौका छ । पढाइमा सोचेजस्तै प्रगति हुनेछ । आर्थिक पक्ष सबल रहने योग रहेको छ । बुधबारदेखि आफन्तबाट टाढिनुपर्नेछ व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । लाभप्रद कामले लोभ्याए पनि फजुल खर्च हुन सक्छ । साताको अन्त्यमा अवसरका लागि कडा परिश्रम गर्नुपर्ला ।



मकर

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

नयाँ योजना प्रारम्भ गर्न सकिनेछ । आय-आर्जनका नयाँ स्रोत फेला पर्नेछन् । तर, श्रमको उचित मूल्यांकन भए पनि प्रतिफलका लागि समय पर्खनुपर्नेछ । आँटेको कामको लगानी पनि अरूका लागि खर्च हुन सक्छ । बुधबारपछि बौद्धिक र लेखन कार्यमा सफलता प्राप्त हुने योग छ । सरकारी तथा निजी क्षेत्रमा पुनः प्रयत्न गरे अवसर मिल्नेछ ।



कुम्भ

(गु, गे, गो, सा, सि, सु, से, सो, द)

शुभचिन्तकहरूको साथ प्राप्त हुनाले काममा उत्साह जाग्नेछ । बोलीको भरमा काम सम्पन्न हुनेछ । शैक्षिक क्षेत्रमा राम्रो उपलब्धिसँगै वैदेशिक रोजगारीको अवसर जुर्नेछ । सामाजिक तथा परोपकारी कार्यमा रुचि जाग्नेछ । बहुमूल्य धातु तथा विलासिताका साधन खरिद गर्दा होसियारी अपनाउनुपर्नेछ । साताको अन्त्यमा अकस्मात धन कमाउने योग रहेको छ ।



मीन

(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

स्वास्थ्यमा आउने समस्याले खर्च बढ्ने योग रहेको छ । भौतिक साधनको जोहो हुनाका साथै मनोरञ्जनात्मक क्रियाकलापमा सक्रिय हुने अवसर जुट्नेछ । अनेक कुरा सुनिए पनि तपाईंको बोलीको प्रभाव पर्नेछ । पारिवारिक सम्बन्धमा पनि सुधार आउनेछ । साताको अन्त्यमा अचल सम्पत्ति हात पर्नेछ । राम्रो सहयात्रीको साथ पाइने सम्भावना प्रबल रहेको छ ।

पुस्तक समीक्षा



● डा. टीकाराम उदासी

सहिद नेत्रलाल अभागी (वि.सं. २००१–२०४१) नेपालको वामपन्थी राजनीति र प्रगतिशील साहित्यका क्षेत्रमा एउटा उल्लेखनीय हस्ताक्षर हुन् । खासगरी दाङमा जन्मिएर सिंगो पश्चिम नेपालको राजनीतिक, शैक्षिक र साहित्यिक क्षेत्रमा उनको योगदान अविस्मरणीय छ । साहित्यका विभिन्न विधामा कलम चलाए पनि मूलतः काव्य सिर्जनामा स्पष्ट पहिचान बनाएका अभागीका विभिन्न कृति प्रकाशित छन् । उनको 'सतिसाल मात्र ठिङ्ग उभिन सक्छ' नामक कविता संग्रह र त्यसभित्रका केही कविता विशेष चर्चित छन् । सहादत प्राप्त गरेको चार दशक पुगिसक्दा पनि उनका बारेमा खोज र अध्ययन भइरहेका छन्, जसले उनको व्यक्तित्व र कृतित्वका विविध आयाम उजागर गरिदिएको छ ।

यसै क्रममा सहिद नेत्रलाल स्मृति प्रतिष्ठान, दाङ देउखुरीले 'अग्रमगनका मार्गदर्शक सहिद नेत्रलाल अभागी' शीर्षकमा एउटा महत्त्वपूर्ण स्मृतिग्रन्थ ०८१ सालमा प्रकाशित गरेको छ । करिब सात सय पृष्ठको भीमकाय स्मृतिग्रन्थबारे यहाँ सामान्य चर्चा गर्न खोजिएको छ ।

यसको प्रधान सम्पादक पद्मप्रसाद शर्मा तथा

दुवैपटक उनले नैतिकताका आधारमा राजीनामा दिएका थिए।

उसो त ब्रिटिस शासनकालमा बनेको रेल लाइन र रेलहरू जर्जर अवस्थामा थिए। त्यसैले सानातिना दुर्घटना भइरहन्थे। तर, सन् १९५६ मा हैदराबाद राज्यको सेचुनदराबाद-द्रोनाचलम लाइनमा भएको रेल दुर्घटनामा भने सयौंको ज्यान गयो। रेल ट्र्याकबाट निस्किएर नदीमा खस्दा कम्तीमा १२५ जनाको मृत्यु भयो। लगत्तै शास्त्रीले रेलमन्त्रीको पदबाट राजीनामा दिए। हैदराबादमा रेल नदीमा खसेको केही महिनाभित्रै तमिलनाडु राज्यमा फेरि उस्तै रेल दुर्घटना भयो। यसपटक रेल ट्र्याकबाट मरुदाइयारु नदीमा खसेको थियो। दुर्घटनामा १५० भन्दा बढीको ज्यान गयो। सम्बन्धित मन्त्रालयको प्रमुखको हिसाबमा नैतिक जिम्मेवारी लिँदै शास्त्रीले प्रधानमन्त्री नेहरूसामु राजीनामा पेस गरेका थिए। पहिलोपटक राजीनामा अस्वीकृत भएको थियो भने दोस्रोपटक नेहरूले राजीनामा स्वीकार गरेका थिए।

रामुस हारादिनाज
प्रधानमन्त्री, कोसोभो

सन् १९९० को दशकमा सिंगो युगोस्लाभिया विभिन्न हिस्सामा छिन्नभिन्न भएको थियो। अरू भागमा भन्दा अलि पछि कोसोभोमा पनि पृथक्तावादी विद्रोह उठ्यो। अल्बानियन मुस्लिमको बाहुल्य रहेको यो भागमा फेब्रुअरी १९९८ देखि भीषण युद्ध भएको थियो। बेलग्रेडकेन्द्रित युगोस्लाभियाको संघीय सेना र अलग कोसोभोको माग राखेको 'कोसोभो लिबरेसन आर्मी (केएलए)'



ओयुन एर्डेन लुभ्सन्नमसरैन
प्रधानमन्त्री, मंगोलिया (२०२५)



हेलेमारियम देसालेग्न, प्रधानमन्त्री
इथियोपिया (२०१८)





रामुस हारादिनाज
प्रधानमन्त्री, कोसोभो (२०१९)



सिग्मुन्डुर डेभिड गुनलोग्सन,
प्रधानमन्त्री, आइसल्याण्ड (२०१६)

बिच जुन १९९९ सम्म युद्ध चल्यो। केएलएका एक शीर्ष कमान्डर थिए, रामुस हरादिनाज। युद्धमा दुवै पक्षले युद्ध अपराध गरेको आरोप लाग्ने गर्छ। केएलएमाथि आफ्नो प्रभाव रहेका क्षेत्रका सर्बियाली, रोमानी जातिलाई दमन र यातना दिएर थातथलो छाड्न बाध्य पारेको आरोप लाग्यो।

सन् २००८ मा रामुस हरादिनाजविरुद्ध केएलएका कमान्डरका रूपमा यस्तो कार्यमा संलग्न भएको भन्दै मुद्दा पऱ्यो। त्यसमा उनले सफाइ पाए। सन् २०१२ मा पहिलेको मुद्दामा पर्याप्त प्रमाण पेस नगरिएका भन्दै मुद्दा पुनः ब्युँताइयो। फेरि पनि उनले सफाइ पाए। कोसोभो युद्ध सकिएपछि हरादिनाज 'अलाइन्स फर फ्युचर अफ कोसोभो (एएके)' नामक राजनीतिक दल खोलेर राजनीतिमा सक्रिय भएका थिए। सन् २०१७ मा हरादिनाजको पार्टीको नेतृत्वमा सरकार बन्ने भए पनि उनी कोसोभोका तेस्रा प्रधानमन्त्री बने।

तर, हरादिनाजलाई मुरोनो मुद्दाले अझै छाडेको थिएन। यसपटक हारादिनाजमाथिको मुद्दा देशभित्र नभएर नेदरल्यान्डको हेगमा गठित विशेष सुनुवाइमा परेको थियो। कोसोभो युद्धमा भएको अपराधमा संलग्नहरूको अनुसन्धान गर्न हेगमा 'स्पेसलिस्ट प्रोसेक्युटर्स अफिस(एसपिओ)' गठन भएको थियो। एसपिओले हारादिनाजलाई पनि सुनुवाइका लागि बोलायो। त्यसपछि आफू 'देशको प्रधानमन्त्री र संदिग्ध व्यक्ति' एकैपटक हुन नसक्ने भन्दै सुनुवाइमा सामान्य नागरिकको रूपमा जाने भन्दै पदबाट राजीनामा दिएका थिए।

सिग्मुन्डुर गुनलोग्सन
प्रधानमन्त्री, आइसल्यान्ड

सन् २०१३ मा ३८ वर्षको उमेरमा प्रधानमन्त्री बन्दा सिग्मुन्डुर डेभिड गुनलोग्सन विश्वका सबैभन्दा कान्छा निर्वाचित नेता बनेका थिए। त्यो समय उनीभन्दा कान्छा दुई विश्वनेता उत्तर कोरियामा किम जोङ उन (३० वर्ष) र भुटानका राजा जिग्मे केसार नाम्ग्याल वाङचुक (३३) पारिवारिक विरासतका आधार सत्तामा आएका थिए। तथापि, चार वर्षअघि नै उनी 'प्रोग्रेसिप पार्टीका अध्यक्ष चुनिएका थिए। पार्टी नेतृत्वमा आएको चार वर्षभित्रै उनले दललाई देशमा गठबन्धन सरकार बनाउने स्थानमा पुऱ्याए। उनले आफ्नो शासनकालमा क्षेत्रीय देशबिचको सम्बन्ध बढाउन जोड दिएका थिए।

तर, युवा उमेरमा ठुलो राजनीतिक उचाइ हासिल गरेका गुनलोग्सनको राजनीतिक पतनको कारण बन्यो 'पनामा पेपर्स'। ३ अप्रिल २०१६ देखि सार्वजनिक हुन थालेको पनामा पेपर्सले विश्वभरका धनाढ्यले आफ्नो देशमा कर छल्न 'कर छुट हुने क्षेत्र (ट्याक्स हेभन)'मा 'जाली कम्पनी (सेल कम्पनी)' खडा गरेर लगानी गरेको देखाउने गरेको खुलायो। लाखौँ कागजात रहेको पनामा पेपर्समा गुनलोग्सनको नाम पनि भेटियो।

त्यसबाहेक उनले पहिलोपटक सांसद हुँदा बाह्य कम्पनीमा गरेको लगानीबारे उल्लेख नगरेको खुलेपछि उनी विवादमा तानिएका थिए। उसै पनि आइसल्यान्ड विश्वमा कम भ्रष्टाचार हुने देशमा पर्छ। ट्रान्सपरेन्सी इन्टरनेसनले सार्वजनिक गर्ने भ्रष्टाचार हुने देशको सूचीमा यो देश कम भ्रष्टाचार हुने शीर्ष १० भित्र पर्ने कुराले त्यही संकेत गर्छ। त्यहाँ भ्रष्टाचारलाई गम्भीर मानिन्छ। कर छलीजस्तो भ्रष्टाचारकै एक घटनामा जोडिएको खबर बाहिरिएलगत्तै गुनलोग्सनले राजीनामा दिए।

हेलेमारियम देसालेग्न
प्रधानमन्त्री, इथियोपिया

दुई दशकदेखि नेतृत्व गर्दै आएका प्रधानमन्त्री मेल्लेस जेनावीको अगस्ट २०१२ मा निधन भयो। त्यसपछि उपप्रधानमन्त्री रहेका हेलेमारियम देसालेग्न प्रधानमन्त्री बने। त्यस पदमा उनी ६ वर्ष रहे। तर, सन् २०१८ मार्चमा उनले अचानक राजीनामा दिए। उनी आधुनिक इथियोपियाको इतिहासमा स्वेच्छाले राजीनामा दिने पहिलो नेता थिए। आफ्नो शासनकालमा सुधारका उलेख्य काम गरेका थिए। उनले दशकौँदेखि तिक्त सम्बन्ध रहेको छिमेकी सोमालियासँग सम्बन्ध सुधारतर्फ योजना अघि बढाएका थिए। पूर्ववर्ती जेनावीका आर्थिक नीतिलाई निरन्तरता दिएका कारण देशको अर्थतन्त्र पहिलेझैं उच्च दरमा बढि नै रहेको थियो। उनले अझ हावासा र मेकेले क्षेत्रमा औद्योगिक ग्राम निर्माण, अदिस अभावा हल्का रेल, अदिस अभावा-जीबुट्टी रेल परियोजना सुरु गरे।

तर, उनको शासनकालमा देशमा वर्षौंदेखि सुषुप्त रूपमा बढ्दै गएको जातीय तनाव सतहमा आयो। निहुँ बन्यो, राजधानी अदिस अभावाको विस्तार योजना। सन् २०१४ मा देसालेग्नको सरकारले अदिस अभावा मास्टर प्लान सार्वजनिक गरेको थियो। त्यो योजना कार्यान्वयन हुँदा छेउका ओरोमिया जातिका ११ लाख हेक्टर जग्गा अधिग्रहण गर्नुपर्ने थियो। यो विषयबाट ओरोमिया जाति विरोधमा उठ्यो। इथियोपियाको कुल जनसंख्याको करिब एकतिहाइ रहेको सबैभन्दा ठुलो जातीय समूह ओरोमो पहिलेदेखि शासनबाट बहिष्कृत थियो। अल्पसंख्याका टिग्रे र दोस्रो ठुलो जाति अम्हाराको शासनमाथिको हालीमुहालीविरुद्धको असन्तुष्टि जाहेर गर्ने बहाना बन्यो, जग्गा अधिग्रहणको विवाद। सो विरोध झन्डै दुई वर्ष चल्यो र देश जातीय युद्धमा फस्ने अवस्थामा पुगेको थियो। विशेषतः ओरोमिया र अम्हारा जातिबिच युद्धको सम्भावनाबिच अशान्तिलाई सम्बोधन गर्न र शान्ति र लोकतन्त्रका लागि मार्ग प्रशस्त गर्ने भन्दै देसालेग्नले १५ फेब्रुअरी ०१८ मा राजीनामा दिए।

ओयुन एर्डेन लुभ्सन्नमसरैन
प्रधानमन्त्री, मंगोलिया

सन् २०२१ मा प्रधानमन्त्री चुनिँदा ओयुन भर्खरै ४० टेकेका थिए। विश्वको सबैभन्दा प्रतिष्ठित हार्बर्ड विश्वविद्यालय पढेर देश फर्किई राजनीतिमा होमिएका ओयुनले राजनीतिमा नयाँपनको आह्वान गरेका थिए। प्रधानमन्त्री बनेपछि उनले यस दिशामा केही प्रयास पनि थालेका थिए। उनले सबै सरकारी सेवालाई डिजिटलाइज्ड गर्दै इ-मंगोलियन अभियान सुरुवात गरेका थिए। त्यस्तै, समाजिक विकास, आर्थिक वृद्धि र जीवनस्तर सुधार्ने भन्दै 'भिजन २०५०' लागू गरेका थिए। उनको शासनलाई सन्तोषजनक नै मानिएको थियो। तर, परिवारका सदस्यका कारण उनी विवादमा फस्न पुगे। विवाद गत मे महिनामा आयुनका २३ वर्षे छोरा तेमुलेन ओयुन-आर्डेनसँग विवाह तय भएकी युवतीले सामाजिक सञ्जालमा तेमुलेनसमेत रहेको एक पोस्ट गरेपछि सुरु भएको थियो। त्यस पोस्टमा दुई जोडी निकै महँगा ब्याग, औंठी र एक मर्सिडिज-बेन्जसहित देखिएका थिए। लगत्तै सामाजिक सञ्जालमा प्रधानमन्त्रीको परिवारको यो विलासी खर्चको स्रोत खोज्न थालियो। प्रधानमन्त्रीले पाउने गरेको तलब र अन्य आयका आधारमा त्यति विलासी जीवन जिउन नसकिने कुरामा जोड दिँदै प्रधानमन्त्री भ्रष्टाचारमा डुबेको आरोप फैलियो। मेको मध्यबाट मानिसहरू प्रधानमन्त्रीको आयमाथि प्रश्न उठाउँदै सडकमा उत्रिए। विरोध बढ्दै जाँदा ओयुनले संसद्मा विश्वासको मतदान आयोजना गरे। संसद्मा विश्वासको मत गुमाएपछि अन्ततः३ जुनमा ओयुनले 'राजनीतिक तथा नैतिक जिम्मेवारी'का कारण भन्दै प्रधानमन्त्री पदबाट राजीनामा दिए।

(एजेन्सीको सहयोगमा)

मदनले देखेको बाटो

आन्तरिक जनवादले सुसज्जित भए मात्र बलियो पार्टी हुन सक्छ

आज मदन भण्डारी ७५औँ जन्म दिवस। 'सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हुनुपर्छ' भन्नुहुने जननेता मदन भण्डारीको सन्दर्भमा देशमा मात्र नभई अन्तर्राष्ट्रिय जगत्मा पनि चर्चाको विषयवस्तु बन्ने गर्छ। कम्युनिस्ट आन्दोलनभित्रको जडतालाई तोडेर शास्त्रीय मार्क्सवादी रचनाभित्र सिर्जनात्मकताको खोजी गर्ने मदनले स्थापित गरेको जबजलाई नाकमा लगाउने बुलाकीजस्तो बनाउने त होइनन् ? भन्ने चर्चा-परिचर्चा कम्युनिस्ट आन्दोलनलाई माया गर्ने शुभचिन्तकले चासोपूर्वक लिने गर्छन्।

मदनको नाम लिएर धेरै प्रधानमन्त्री बने। मन्त्री र सांसद त हजारौँ बने। तर, जब मदन जयन्ती आउँछ, जब स्मृति-दिवस आउँछ, सो दिनमा मदनले स्थापित गरेको जबजको चर्चा-परिचर्चा हुने गर्छ। तर, उनको सिद्धान्त व्यवहारमा किन कार्यान्वयन हुन सक्दैन ? के सिद्धान्तअनुसारको व्यवहार नभएरै हो त ? जबज नेपाली क्रान्तिको विशिष्टताको उपज तथा नेपालका सर्वहारा वर्गीय श्रमजीवी जनताको मुक्तिको सिद्धान्त हो भन्नेमा कसैको दुईमत छैन। यो नेपाली क्रान्तिको मार्क्सवाद हो भन्नेमा पनि दुईमत छैन।

सिद्धान्ततः शान्तिपूर्ण क्रान्तिलाई कम्युनिस्ट पार्टीले विश्वास नगरेको स्थितिमा जनवादी राज्यव्यवस्थालाई प्रजातान्त्रिकीकरण गर्ने र बहुदलीय प्रतिस्पर्धाको ग्यारेन्टी जबजले स्थापित गऱ्यो। विगतमा कम्युनिस्ट पार्टीले राज्यसत्ता चलाउँदा गरेका त्रुटिलाई

स्मृति



● सोभियत ढकाल



मदन भण्डारी ७५औँ जन्म दिवस

पहिचान गर्दै जबज पहिलो संघटक अंगका रूपमा प्रस्तुत हुन पुग्यो। पहिलो पक्ष, यो सिद्धान्त 'शासन प्रणालीमा द्वन्द्ववादको प्रतिस्थापन' र कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरणका रूपमा मदनले अगाडि सारे। शासन प्रणालीका द्वन्द्ववादको प्रतिस्थापनका सन्दर्भमा मदन भण्डारीले स्पष्ट पार्नुभएको थियो। मार्क्सवादको दृष्टिकोण र दर्शनबिच द्वन्द्वात्मक अन्तरसम्बन्ध रहेको मार्क्सवादले स्वीकार अवश्य गर्छ। एउटा जनताकै जनवादी व्यवस्थामा भए पनि अर्थतन्त्र, संस्कृति र समाजभित्र अनिवार्य रूपमा द्वन्द्व हुन्छ। शत्रुता स्वयं द्वन्द्व हो, अन्तरविरोध हो, यदि बुझाइ गलत नभएमा। तर, सबै अन्तरविरोध शत्रुतापूर्ण हुँदैनन्। यदि द्वन्द्व सार्वभौम नियम हो भन्ने कुरा साँचो हो भने राजनीतिमा चाहिँ किन द्वन्द्व हुन नदिने ? किन एक-आपसमा प्रतिस्पर्धा हुनबाट वञ्चित गर्ने ? यो प्रश्न यतिबेला गम्भीर रूपमा निरुत्तरित बन्न पुगेको छ। यदि मदनको विचारलाई नमान्ने हो भने ! कुनै पनि वस्तुमा रहेको द्वन्द्वात्मक यथार्थलाई दमन गरेर प्रकट हुन दिइँदैन भने त्यसले शत्रुता र विस्फोटको रूप लिन सक्छ। त्यसकारण कुनै पनि राज्यव्यवस्थामा तत्कालीन समाजमा रहेका राजनीतिक दृष्टिकोणको बिचमा संविधानसम्मत ढंगले प्रतिस्पर्धा हुन दिनुपर्छ। समाजमा रहेका विविधतालाई व्यक्त हुन दिनुपर्छ। यो नै साँचो अर्थमा जनवादी प्रणाली हुन सक्छ।

दोस्रो पक्ष, कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरण हो। 'एकपटक कम्युनिस्ट पार्टीले सत्ता प्राप्त गरेपछि सत्तामै रहिरहने व्यवस्था कहिल्यै पनि प्रजातान्त्रिक व्यवस्था हुन सक्दैन,' मदनले भन्नुभएको थियो। कम्युनिस्ट पार्टीले नेतृत्व अर्थात् मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा चल्ने सर्वहारा, श्रमजीवी वर्गको राजनीतिक पार्टीको नेतृत्वमा मात्र जनताको जनवादी व्यवस्थामा सुदृढीकरण र समाजवादमा संक्रमण गर्ने काम सम्पन्न गर्न सक्छ। त्यसकारण सर्वहारा र श्रमजीवी वर्गले मार्क्सवादी, लेनिनवादी पार्टीको नेतृत्व गर्न अनिवार्य छ। तर, त्यो संघर्ष जनताको सेवा, पहलकदमी र प्रतिस्पर्धाबाट मात्र हातमा लिन सकिन्छ भनेर तीन 'प' को अवधारणा अगाडि सार्नुभयो। सारको विषय थियो, प्रतिस्पर्धामा श्रेष्ठता, पहलकदमी र परिवर्तनशीलता। यो जनतालाई आशा जगाउने विचारको हतियार हो। यसलाई सैद्धान्तिक रूपमा उल्लेख गरेर वा राजकीय बल प्रयोग गरेर होइन, लोकतान्त्रिक मूल्य-मान्यतालाई आत्मसात् गर्दै अगाडि बढ्न सक्नुपर्छ, यो हाम्रो विशेषता हो।

> एमालेसँग मदनले छाडेको उत्कृष्ट सिद्धान्त छ, विचारको हतियार छ। अझ यसो भनौं, एमालेसँग मदनले छाडेको अजेय शक्ति छ। तर, शक्तिको नियम के हो भने शक्तिलाई सही किसिमले प्रयोग गरियो भने यो निर्माणको स्रोत बन्न सक्छ, गलत तरिका र बलले प्रयोग गरियो भने यो विध्वंसको कारक बन्न सक्छ।

कम्युनिस्ट आन्दोलनका लोकतान्त्रीकरणका चार पक्ष

कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरण चार पक्षसँग सम्बन्धित छ। पहिलो- कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरण, दोस्रो- कम्युनिस्ट पार्टीको नेतृत्वमा सञ्चालित हुने जनआन्दोलनको लोकतान्त्रीकरण, तेस्रो- राज्यसत्ताको लोकतान्त्रीकरण र चौथो- अर्थतन्त्रको लोकतान्त्रीकरण।

पहिलो पक्ष, कम्युनिस्ट पार्टीको लोकतान्त्रीकरण गर्नु भनेको प्रतिस्पर्धामा उत्कृष्टताले मात्र शत्रुलाई पराजित गर्न सक्छ। बहुमतले आत्मसात् गरेको कम्युनिस्ट पार्टी मात्र आन्तरिक जनवादयुक्त पार्टी हुन सक्छ। आन्तरिक जनवादले सुसज्जित पार्टी मात्र बलियो पार्टी हुन सक्छ। सिद्धान्तको सिर्जनात्मक प्रयोग गर्न सक्ने पार्टी मात्र गतिशील हुन सक्छ। कसैलाई आग्रह-पूर्वाग्रह नगरी कामको मूल्यांकन गरेर परिभाषित पार्टी नेता-कार्यकर्तालाई सिर्जनात्मक मूल्यांकन गरी जिम्मेवारी दिने र प्रतिस्पर्धामा चुन्न र चुनिन दिने पार्टी बनाउनु नै कम्युनिस्ट पार्टीको लक्ष्य हो। कम्युनिस्ट पार्टीलाई लोकतान्त्रीकरण गर्न जनताको मूल्यांकनको विषय बनाउन, सधैं आन्तरिक एवं बाह्य प्रतिस्पर्धामा लगाउन, बहुमतको विचारको प्रतिस्थापन गर्न, जनताको बहुमतको कदर गर्न र पार्टी सदस्य तथा कमिटीको बहुमतको कदर गरिन आवश्यक हुन्छ।

पहिलो पक्ष, राज्यसत्ताको लोकतान्त्रीकरण हो। उत्पादक शक्तिको बहुमत हिस्सालाई सामेल नबनाई राज्यसत्ता उत्पादक शक्तिको चासोको विषय बन्न सक्दै सक्दैन। बहुदलीय राजनीतिक प्रणालीको शासन भएको राज्यसत्ता मात्र जनताको मूल्यांकनको विषय बन्न सक्छ। उत्पादक शक्तिको रक्षा जनताको मूल्यांकनको विषय बनाउन बहुदलीय राजनीतिक प्रतिस्पर्धाको शासन प्रणाली अपनाउनु नै राज्यसत्ताको प्रजातान्त्रीकरण हो।

दोस्रो पक्ष, जनआन्दोलनको लोकतान्त्रीकरण हो। वर्ग संघर्षलाई आत्मसात् नगरी गरिएको आन्दोलन सफल हुन सक्दैन। प्रगतिशील सुदृढताले मात्र आन्दोलन सफल हुन सक्छ। आन्तरिक प्रतिस्पर्धामा संलग्न नभएको शक्ति प्रगतिशील र सुदृढ हुन सक्दैन। वर्गसंघर्षको नियम, विजयको ग्यारेन्टी र सुव्यवस्थित योजनाअनुरूप आन्दोलनको लोकतान्त्रीकरण हुन सक्छ। त्यसका लागि जनआन्दोलनलाई वर्गसंघर्षको नियमअनुसार सञ्चालन, प्रगतिशील शक्तिको विजयको ग्यारेन्टीका साथ जनआन्दोलन सञ्चालन र उत्पादक शक्तिको बहुमत हिस्सालाई आन्दोलनमा संलग्न गराउँदै आन्तरिक प्रतिस्पर्धामा अगाडि बढाउनुपर्छ।

तेस्रो पक्ष, अर्थतन्त्रको लोकतान्त्रीकरण हो। समाजमा विद्यमान भिन्न किसिमका आर्थिक प्रणालीसँग प्रतिस्पर्धामा जान नसक्ने आर्थिक प्रणाली प्रगतिशील आर्थिक प्रणाली हुन सक्दैन, यो मदनको विचार हो। उत्पादक शक्तिको विकासमा योगदान गर्न भिन्न-भिन्न आर्थिक प्रणाली र प्रणालीभित्रका क्षेत्रमा प्रतिस्पर्धामा जाने कुरालाई अर्थतन्त्रको लोकतान्त्रीकरण भनिन्छ।

अर्थतन्त्रको लोकतान्त्रीकरणका लागि उत्पादक शक्तिको विकासका लागि अर्थतन्त्रको निर्माण, समाजमा विद्यमान सबै आर्थिक प्रणालीबिच प्रतिस्पर्धा र अर्थतन्त्रको सबै क्षेत्रमा प्रतिस्थापन गर्नुपर्छ।

एमालेसँग मदनले छाडेको अजेय शक्ति

जबजले कार्यक्रमिक पक्ष, कार्यनीतिक पक्ष, पार्टी निर्माणको विषय, कार्यशैलीलगायत थुप्रै सैद्धान्तिक पक्षको विश्लेषण गरेको छ, जो नेपालको कम्युनिस्ट आन्दोलनमा नै थपिएको नयाँ सिद्धान्त हो। उक्त विचारलाई नेकपा (एमाले) ले क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा अंगीकार गरेको छ र यसको रक्षा, प्रयोग र विकास गर्ने प्रतिबद्धता जाहेर गरेको छ। सिद्धान्तलाई वास्तविक जीवन र प्रयोगमा स्थापित गर्न सकिएन भने जनता गलत सिद्धान्तको भरमा पर्नेछन्। सही सिद्धान्तको अनुयायी भनेर मन्त्र जपे पनि हामी व्यवस्थामा त्यसको विरोधी साबित हुनेछौं। जबजको क्रान्तिकारी सारको दृढतालाई समाउँदै त्यसलाई लोकतान्त्रिक प्रक्रियाअनुरूप व्यवहारमा लागू गर्दै अगाडि बढ्ने कोसिस नगर्ने हो भने मदनले भनेझैं सिद्धान्त, सिद्धान्तमा मात्र सीमित रहन्छ, त्यो कदापि जीवनका लागि हुन सक्दैन, यो ध्रुवसत्य हो।

एमालेसँग मदनले छाडेको उत्कृष्ट सिद्धान्त छ, विचारको हतियार छ, अझ यसो भनौं एमालेसँग मदनले छाडेको अजेय शक्ति छ। तर, शक्तिको नियम के हो भने शक्तिलाई सही किसिमले प्रयोग गरियो भने यो निर्माणको स्रोत बन्न सक्छ, गलत तरिका र बलले प्रयोग गरियो भने यो विध्वंसको कारक बन्न सक्छ। आज मदनको जन्मजयन्ती मनाउँदै गर्दा दिवंगत मदनलाई सम्झँदै गर्दा हामी विध्वंसको कारक नबनौं न, निर्माणको स्रोत बने के फरक पर्छ! अरू तपसीलका कुरा त छँदै छन्।

एउटा पठनीय सामग्री
कवि अभागीको स्मृतिग्रन्थ

सम्पादन सदस्यमा सर्वजित वली, सरस्वती गौतम खत्री, कुलबहादुर केसी, इन्द्रकुमार शर्मा, लक्ष्मी शर्मा, माया नेपाली र गोपाल गिरी रहेका छन्। स्मृतिग्रन्थलाई नौओटा विभिन्न शीर्षकमा व्यवस्थित गरिएको छ। स्मृतिग्रन्थको पहिलो खण्डमा सहकर्मीका लेखरचना राखिएका छन्। अमृतकुमार बोहरा, ईश्वर पोखरेल, गुणनिधि भुसाल, गोपाल शाक्य, गोविन्दप्रसाद कोइराला, जीवराज आश्रित, डा. मुकेश चालिसे, देवेन्द्र घिमिरे, प्रदीप नेपाल, वामदेव गौतम, मदन भण्डारी, माधवकुमार नेपाल, मोदनाथ प्रश्रित, मोहनविक्रम सिंह, मोहन वैद्य, शान्ता मानवी, सिपी मैनाली र युवराज ज्ञवाली गरी १९ जनाका लेख छन्।



दोस्रो खण्डमा परिवारजन र आफन्तका लेखरचना छन्। पत्नी विष्णु शर्मा, छोरा अजय शर्मासहित आठजनाका रचना छन्। तेस्रो खण्डमा राजनीतिक व्यक्तित्वका रचना शीर्षक राखेर पाँचजनाका सामग्री समाविष्ट छन्। यसभित्र केशवप्रसाद बडाल, प्रकाश ज्वाला, रश्मिराज नेपाली, रेखा शर्मा र शङ्कर पोखरेलका रचना रहेका छन्।

ग्रन्थको अन्त्यमा परिशिष्ट खण्ड रहेको छ, जसभित्र केही महत्त्वपूर्ण दस्ताबेज, नेत्रलालसँग सम्बन्धित पुराना तस्बिर, उनका हस्तलिखित कविता, उनले लेखेका चिठीपत्र, उनका प्रकाशित पुस्तकका आवरण, उनले पढेपढाएका विद्यालय तथा कलेज एवं उनका नाममा स्थापित विभिन्न संस्थाका तस्बिर, उनका दिवङ्गत सहयोद्धा, मुख्य आश्रयदाता र सहयोगीको तस्बिर राखिएका छन्।

यसरी प्रस्तुत स्मृतिग्रन्थको मूलखण्डमा नेत्रलाल अभागीसम्बन्धी १४० वटा विभिन्न शीर्षकका रचनाले स्थान पाएका देखिन्छन्। तीमध्ये यसभित्र शालिकराम रजौरे, कविराज पौडेल, गोमा पोखरेल गौतम, गोविन्द पोखरेल, शरद गौतम, अम्बर गिरी, विमला गौतम, उमाकान्त न्यौपाने, हिरा डिसी, विष्णु बञ्जाडे र अन्य केही विद्यार्थीका कविता राखिएका छन्। यस्तै यसभित्र रहेका लेखमध्ये भुवन चौधरीको थारू भाषाको लेख पनि समाविष्ट छ।

नेत्रलाल अभागी मूलतः राप्ती क्षेत्रका वामपन्थी आन्दोलनका एक अनुकरणीय चरित्रका बिम्ब मानिन्छन्। उनी नेपालको प्रगतिशील कविता आन्दोलनका एक सशक्त हस्ताक्षर मानिन्छन्। उनी यस क्षेत्रका एक असल शिक्षक, एक आदर्श कवि र राजनीतिक आन्दोलनका एक सिपाही हुन्। भौतिक रूपमा उनी धरतीबाट बिदा भएर गएको पनि चार दशक नाघिसक्यो। तर पनि उनी अझै आफ्ना कालजयी साहित्य सिर्जना र कर्ममा बाँचिरहेका छन्, उनी आफ्ना सहयात्री, आफन्त र जनजनको स्मृतिमा जीवितै छन्। अग्रगमनका मार्गदर्शक सहिद नेत्रलाल अभागी नामक स्मृतिग्रन्थ यसैको विश्वासिलो अभिलेख बनेर प्रकाशित भएको छ। यसले अभागीको व्यक्तिगत जीवन र कर्मका आयामलाई मात्र प्रस्तुत गरेको छैन, तत्कालीन समय, राजनीति र परिवर्तनबोधी चेतना बोकेर राजनीतिमा होमिएका तमाम मानिसको संकल्प र सपनालाई समेत समेटेको देखिन्छ। अन्य स्मृतिग्रन्थमा जस्तै यसमा पनि कतिपय प्रसंग र घटनाको पुनरावृत्ति भएको पाइन्छ। साथै कतिपय भाषिक अशुद्धि विद्यमान रहेका छन्। यी कतिपय सीमाबाहेक समग्रमा नेत्रलाल अभागीको प्रस्तुत स्मृतिग्रन्थ सबैका लागि पठनीय र संग्रहणीय ऐतिहासिक सामग्री बन्न सफल भएको छ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra

४३ हजार हेक्टर धान रोप्ने क्षेत्रफल घट्ने प्रारम्भिक अनुमान

गत वर्ष १४ लाख ३८ हजार हेक्टरमा रोपाइँ भएको थियो, यसपालि १३ लाख ९५ हजारमा रोपाइँ हुने कृषि विभागको प्रक्षेपण



ललितपुरको कार्यविनायकमा रोपाइँ गर्दै किसान। तस्बिर : संजित परियार/नयाँ पत्रिका

नयाँ पत्रिका

मागअनुसार धान उत्पादन हुन नसकिरहेका वेला रोपाइँ हुने क्षेत्रफलसमेत निरन्तर घट्न थालेको छ। यो वर्ष पनि विगतको तुलनामा ४३ हजार हेक्टर कम क्षेत्रफलमा रोपाइँ हुने कृषि विभागको प्रारम्भिक अनुमान छ। यद्यपि, भदौ पहिलो साताभा रोपाइँ सकिएपछि अहिले अनुमान गरेको तुलनामा केही क्षेत्रफल बढ्ने विभागको दाबी छ।

१५ असारमा आयोजना हुने राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्वसबारे जानकारी दिन विभागले शुक्रबार गरेको पत्रकार सम्मेलनमा यो वर्ष १३ लाख ९५ हजार दुई सय सात हेक्टरमा रोपाइँ हुने प्रारम्भिक अनुमान सार्वजनिक गरेको हो। गत वर्ष भने १४ लाख ३८ हजार नौ सय ८९ हेक्टरमा रोपाइँ भएको थियो। बर्सेनि रोपाइँ हुने क्षेत्रफल घट्दा उत्पादनमा असर परेको छ। गत वर्ष रोपाइँ भएको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिब १० हजार हेक्टर कम हो।

विभागका महानिर्देशक प्रकाश सञ्जेलले धान खेतीबाट अपेक्षाकृत आम्दानी नहुँदा किसानहरू अन्य बालीतर्फ आकर्षित हुन थालेको बताए। 'धानबाट पर्याप्त आम्दानी नभएपछि नगदे बालीतर्फ किसान आकर्षित भइरहेका छन्। खाद्य बालीमै पनि धानको विकल्प खोज्ने क्रम बढेको छ,' उनले भने। तराईको खेतीयोग्य जमिन बिस्तारै अन्य क्षेत्रमा प्रयोग हुँदा पनि क्षेत्रफल विस्तारमा समस्या भएको उनले बताए।

विगतमा देशभर साढे १५ लाख हेक्टरसम्म रोपाइँ भएको तथ्यांक छ। खेतीयोग्य क्षेत्रफल घट्दा खान पुग्ने धान उत्पादन हुन सकिरहेको छैन। कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार गत वर्ष ५७ लाख २४ हजार टन धान उत्पादन भएको थियो। चालू आर्थिक वर्ष ०८१/८२ को वैशाखसम्म ३५ अर्ब १८ करोड रुपैयाँको चामल भारतबाट आयात भइसकेको छ।

यो वर्ष रोपाइँ हुने अनुमानित क्षेत्रफल

कोशी : २ लाख ७६ हजार ३ सय ८६
मधेश : ३ लाख ८३ हजार १ सय ५०
बागमती : १ लाख २० हजार ५ सय ४५
गण्डकी : ९४ हजार १ सय ८२
लुम्बिनी : ३ लाख २ हजार ८ सय ८९
कर्णाली : ४१ हजार ९ सय ४
सुदूरपश्चिम : १ लाख ७६ हजार १ सय ५१

चैते धानको खेती विस्तार गर्ने योजना

वर्षे धानको खेतीयोग्य क्षेत्रफलमा घट्न थालेपछि चैते धान लगाउन किसानलाई प्रोत्साहित गरिरहेको विभागले जनाएको छ। हाल एक लाख १० हजार हेक्टरमा चैते धान भइरहेको र दुई लाख हेक्टरसम्म विस्तार गर्न सके मागअनुसार उत्पादन हुन सक्ने विभागको भनाइ छ। 'थप एक लाख हेक्टरमा चैते धान विस्तार गर्न सकियो भने मागअनुसार उत्पादन गर्न सकिन्छ भन्ने हाम्रो बुझाइ छ,' महानिर्देशक सञ्जेलले भने। चैत, वैशाख र जेठमा हुने चैत धान खेतीका लागि निरन्तर खेतमा पानी पुऱ्याइरहनुपर्ने हुन्छ। सुक्खा सिजनमा नियमित रूपले सिँचाइ सुविधा पुऱ्याउन भने कठिन हुने उपमहानिर्देशक विनोदकुमार भट्टराईले बताए। 'चैते धानको एक लाख हेक्टर क्षेत्रफल विस्तार गर्ने कुरा धेरै गाह्रो विषय हो किनभने सुक्खा सिजनमा नियमित रूपले खेत सिञ्चित गर्न मुस्किल छ,' उनले भने।

शुक्रबारसम्म १२ प्रतिशत रोपाइँ

विभागले सातै प्रदेशबाट संकलन गरेको विवरणअनुसार शुक्रबारसम्म देशभर १२.३३ प्रतिशत रोपाइँ सकिएको छ। सबैभन्दा बढी सुदूरपश्चिममा ४५.४९ प्रतिशत रोपाइँ सकिएको छ। सुदूरमा धेरै रोपाइँ हुने कैलाली र कञ्चनपुरमा जेठ दोस्रो सातादेखि नै रोपाइँ हुने गरेको छ। बागमती प्रदेशमा २०.५३ प्रतिशत रोपाइँ सकिएको विभागले जनाएको छ। काठमाडौं उपत्यकाका तीनै जिल्लामा रोपाइँ सुरु भइसकेको विभागको तथ्यांक छ। त्यस्तै, कोशीमा ५.९६ प्रतिशत, गण्डकीमा १३.७९ प्रतिशत, लुम्बिनीमा ९.६६ प्रतिशत र कर्णालीमा २०.११ प्रतिशत रोपाइँ सकिएको छ। मधेशमा भएको रोपाइँको विवरण भने अद्यावधिक नभएको विभागको भनाइ छ।

औद्योगिक सम्पत्तिसम्बन्धी विधेयक संसद्मा

हालको ऐनले पेटेन्ट, ट्रेडमार्क र डिजाइनलाई मात्र समेटेको छ, तर प्रस्तावित कानुनमा औद्योगिक बौद्धिक सम्पत्तिअन्तर्गत पेटेन्ट, उपयोगी नमुना, औद्योगिक डिजाइन, व्यावसायिक गोपनीयता, परम्परागत ज्ञान, व्यापार चिह्न, ख्यातिप्राप्त चिह्न र भौगोलिक संकेतसमेत समावेश

अजित अधिकारी/नयाँ पत्रिका

सरकारले औद्योगिक सम्पत्तिसम्बन्धी कानुनलाई संशोधन र एकीकरणा गर्न बनेको विधेयक संसद्मा दर्ता गरेको छ। मानव सिर्जित अन्वेषण तथा आविष्कारको संरक्षण, राष्ट्र हितको प्रवर्द्धन, औद्योगिक सम्पत्ति धनीको कानुनी तथा आर्थिक अधिकारको संरक्षण र त्यस्तो सम्पत्तिको दर्ता, नियमन र प्रवर्द्धनमा सहजीकरण गर्न नयाँ औद्योगिक सम्पत्तिसम्बन्धी कानुन २३ जेठमा संसद्मा दर्ता गराएको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ।

विश्व व्यापार सङ्गठनले सन् १९९४ को व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी सम्झौता (ट्रिप्स सम्झौता) गर्दै सदस्य राष्ट्रलाई अनिवार्य औद्योगिक बौद्धिक सम्पत्तिको कानुन तयार गर्नुपर्ने प्रावधान राखेपछि सरकारले नयाँ कानुनको प्रक्रिया अघि बढाएको हो। हाल कार्यान्वयन भइरहेको पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन साँघुरो घेरामा रहेकाले नयाँ कानुनको आवश्यकता परेको मन्त्रालयले जनाएको छ।

नयाँ कानुनले औद्योगिक सम्पत्तिअन्तर्गत पेटेन्ट, उपयोगी नमुना, औद्योगिक डिजाइन, इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन, व्यावसायिक गोपनीयता (ट्रेड सेक्रेट), परम्परागत ज्ञान, व्यापार चिह्न, ख्यातिप्राप्त चिह्न (वेलनोन मार्क) र भौगोलिक संकेतलाई समावेश गरेको छ। नयाँ कानुनमा सामूहिक चिह्न (कलेक्टिभ मार्क)को व्यवस्था पनि गरिएको छ।

पेरिस महासन्धिको पक्ष राष्ट्रले औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षणका लागि पेटेन्ट, उपयोगी नमुना, औद्योगिक डिजाइन, व्यापार चिह्नलगायतलाई कानुन बनाएर अंगीकार गर्ने प्रतिबद्धता गरेकाले नयाँ कानुनमार्फत नेपाललेसो महासन्धिमा गरेको प्रतिबद्धता कार्यान्वयन गर्ने प्रक्रिया थालेको हो।

नयाँ कानुनमा औद्योगिक सम्पत्ति प्रवर्द्धन परिषद्को व्यवस्था छ। यो परिषद्ले औद्योगिक सम्पत्तिको संरक्षण र प्रवर्द्धनका लागि समन्वयन गर्नेछ। त्यस्तै, कानुन कार्यान्वयन गरी औद्योगिक बौद्धिक सम्पत्तिका क्षेत्रमा उल्लेख्य काम गर्न 'औद्योगिक सम्पत्ति कार्यालय' स्थापनासमेत गरिने विधेयकमा उल्लेख छ। अहिले भने उद्योग विभागले नै यससम्बन्धी कार्य गर्दै आएकाले प्रभावकारी कार्यसम्पादन हुन नसकेको मन्त्रालयको बुझाइ छ।



■ ब्रान्डको नक्कल गर्न नपाइने

मौजुदा ऐनले कुनै स्थापित ब्रान्डको लोगो उस्तै देखिने गरी अर्को कम्पनीले नक्कल गरेको अवस्थामा कारबाही गर्न नसक्ने अवस्था छ। तर, नयाँ कानुनमा पेटेन्ट नक्कल गर्न नपाइने व्यवस्था राखिएको छ। पेटेन्ट नक्कल गरेमा वा



भ्रम सिर्जना हुने गरी कुनै वस्तु वा सेवाको उत्पादन वा बिक्री वा वितरण, भण्डारण तथा आयात गरेमा वा पेटेन्ट धनीको अनुमति नलिई आफ्नो वा अरूको नामबाट प्रयोग गरेमा कसुर मानिने उल्लेख छ। त्यस्तै, उपयोगी नमुना, औद्योगिक डिजाइन, इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइन, व्यापार चिह्न, व्यापार संकेत र भौगोलिक संकेतको समेत नक्कल गर्न नपाइने व्यवस्था छ। यस्तो कसुर गरेको ठहरे १० लाखसम्म जरिवाना र पुनः कसुर गरेको भेटिए प्रत्येकपटकका लागि दोब्बर जरिवाना हुने विधेयकमा उल्लेख छ।

■ पाँच र दश वर्षमा नवीकरण गर्नुपर्ने

औद्योगिक डिजाइन र इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइनको प्रत्येक पाँच वर्षमा, व्यापार चिह्नको प्रत्येक दश-दश वर्षमा नवीकरण गराउनुपर्ने व्यवस्था राखिएको छ। तर, एकपटक दर्ता भएको औद्योगिक सम्पत्तिको सरकारी संरक्षण अवधि भने फरक-फरक छ।

पेटेन्टको २० वर्ष, उपयोगी नमुनाको सात वर्ष र डिजाइन, व्यापार चिह्न तथा इन्टिग्रेटेड सर्किटको लेआउट डिजाइनको हकमा १०-१० वर्ष संरक्षण अवधि राखिएको छ। यो अवधि सकिएपछि पुनः नयाँ प्रक्रियाबाट दर्ता गर्नुपर्ने व्यवस्था राखिएको छ। भौगोलिक संकेतको बहाल अवधि भने सो संकेत प्रयोग भएको वस्तु प्रचलनमा रहेसम्म र व्यावसायिक गोपनीयताको अवधि, करारको अवधि बहाल रहेसम्मका लागि तोकिएको छ। दर्ता नभएका वस्तुको औद्योगिक सम्पत्ति संरक्षणको दायित्व भने सरकारको नहुने व्यवस्था गरिएको छ।

डिडिसी कार्यालयमा तालाबन्दी हुँदा रोकियो किसानको भुक्तानी

धनगढीमा **तेजराज भट्ट**

दुग्ध विकास संस्थानको अत्तरियास्थित धनगढी दुग्ध वितरण आयोजनामा स्थानीयले एक महिनादेखि तालाबन्दी गर्दा किसानको सात करोड भुक्तानी रोकिएको छ

अत्तरियाबाट आयोजनालाई सुदूरपश्चिमको राजधानी धनगढी सार्ने निर्णयको विरोधमा स्थानीयले गत ८ जेठमा कार्यालयमा ताला लगाएका थिए। त्यसयता डिडिसीका आर्थिक तथा प्रशासनिक काम प्रभावित भएका छन्। डिडिसी अत्तरियाका प्रमुख निरञ्जन भट्टराईले एक महिनायता किसानलाई दुध खरिदको भुक्तानी दिन नसकेको बताए। कार्यालय बन्द हुँदा दुध तथा दुग्ध पदार्थ उत्पादनमा समेत असर पुगेको उनले बताए।

'भुक्तानी रोकिएकाले किसानले दिनैपिच्छे फोन गरिरहेका हुन्छन्, दुग्ध संकलन केन्द्रबाट पनि भुक्तानी दिनुपऱ्यो भनेर दबाब आइरहेको छ,' उनले भने, 'किसानलाई योबिचमा सवा करोडभन्दा बढी रकम भुक्तानी भइसक्नुपर्ने थियो, तर लेखा शाखामा ताला बन्दी भएकाले भुक्तानी गर्न सकेका छैनौं।'

अहिले कार्यालयमा तालाबन्दी भएकाले कर्मचारीहरू कारखानामा बस्ने गरेका छन्। कारखाना भने सञ्चालनमै छ। दुध संकलन तथा दुध र दुग्धजन्य पदार्थको बिक्री-वितरण भने नरोकिएको कार्यालय प्रमुख भट्टराईले बताए।

अत्तरियास्थित कृषि हाटबजारभित्र रहेको कार्यालय र कारखानाका लागि ठाउँ साँघुरो हुन थालेको भन्दै डिडिसीले धनगढी उपमहानगरपालिका- १५, कनरीमा कारखानासहित कार्यालय सार्ने निर्णय गरेको थियो।



त्यसका लागि संस्थान र उपमहानगरबिच भवनसहित करिब डेढ बिघा जग्गा २५ वर्षका लागि लिजको सम्झौता पनि भइसकेको छ।

अत्तरिया आसपासमा लामो समयसम्म जग्गाको खोजी गर्दा पनि नपाएपछि नै धनगढी सार्ने निर्णय गरेको कार्यालय प्रमुख भट्टराईले बताए। तर, स्थानीय बासिन्दा संघर्ष समिति नै गठन गरेर विरोधमा उत्रिएकाले कार्यालय स्थानान्तरणको काम रोकिएको छ। दुध संकलन र स्थानीय रोजगारीमा असर पर्ने भएकाले संस्थान सार्न नहुने माग राखेको संघर्ष समिति संयोजकसमेत रहेका स्थानीय लोकराज पाण्डेले बताए। उनले संस्थान अत्तरियामै सञ्चालन गर्ने प्रतिबद्धता आए ताला खोल्ने बताए।


अत्तरियामा ०६७ मा स्थापना भएको कार्यालय अहिले कारोबार बढ्दै गएपछि फराकिलो स्थानमा सर्न चाहेको हो। उक्त आयोजनाले कैलाली, कञ्चनपुर र डडेलधुराबाट सुक्खायाममा दैनिक करिब साढे तीनदेखि चार हजार लिटर र अन्य समय दैनिक करिब सात हजार लिटर दुध संकलन गर्दै आएको छ।

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।


बसन्त राज कुँवर
रिहयाब स्पेसलिष्ट

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा


पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट

यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४
बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narconnonnepal@gmail.com

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे कृषि विकास बैंक लि. को ३५ दिने सूचना

(सूचना प्रकाशित मितिः २०८२/०३/१४ गते)

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्र पत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याजलगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

सम्बन्धित कार्यालय : शाखा कार्यालय, बोदेबर्साइन

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उदेश्य	सावाँ रकम रु.	मिति २०८२/०२/३१ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
१.	लक्ष्मी किराना पसल/१८४९१०६	डाक्नेश्वरी न.पा.-१,कबिलासा सप्तरी	ब्यापार कर्जा	२८,००,०००/	८,४३,५४८/०६	३६,४३,५४८/-

प्रोप्राईटरको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
भुवनेश्वर चौधरी	डाक्नेश्वरी न.पा.-१, कबिलासा सप्तरी	७१०२४२२४	सप्तरी/ २०४२/०४/०४	समतलाल चौधरी	उजुरी चौधरी

फर्मको दर्ता नं.: ८६२६/०७७/०७८ दर्ता भएको कार्यालयः उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशानलय घरेलु तथा साना उद्योगको कार्यालय, सप्तरी, राजविराज दर्ता मितिः २०७७।१०।२३।०६ पान नं.: १०७००५५१७

क्र.सं	कर्जा ग्राहकको नाम	ठेगाना	नागरिकता नं. जारी भएको जिल्ला र मिति	ग्राहकको पिताको नाम	बाजेको नाम	उद्देश्य	सावाँ रकम रु.	मिति २०८२/०२/३१ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
२.	सुर्य नारायण यादव (१७३५३६८)	डाक्नेश्वरी न.पा.-२ भुतही ९ सप्तरी	७१०२२६०५/सप्तरी/ २०४१/०४/२९	जुगेश्वर यादव	नथर यादब	सरल कृषि कर्जा	८,५०,०००/	२,७७,१४५/-	११,२७,१४५/-

कृषि विकास बैंक
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाडौं।

योजना बेचेर...

पृष्ठ १ बाट क्रमशः

प्रदेशका पूर्वभौतिकमन्त्रीसमेत रहेका माओवादी सांसद युवराज दुलालले संघीयता लागू भएयता पहिलोपटक बागमतीमा बजेट प्रणालीभन्दा बाहिरबाट योजना छनोट र कार्यक्रमका लागि रकम राखिएको दाबी गरे। 'म मन्त्री भएका वेला दुईपटक बजेट बनाएको अनुभव छ। तर, यसपटक जस्तो आर्थिक अनुशासन तोडेर कहिल्यै बजेट आएको थाहा छैन,' उनले भने, 'योजना बिक्री गरेर ल्याएको बजेटले सरकारको मात्र बदनाम भएन, समग्र प्रदेशकै बदनाम भयो। सबै प्रदेशवासीको शिर झुकेको छ।'

दुलालले स्रोतको आकारलाई समेत लल्कारेर ठुलो बजेट आएको बताए। 'संघीय अनुदान र प्रदेशको आम्दानी गरेर ६० अर्बभन्दा बढीको बजेट नै बनाउन सकिँदैन, तर सरकारले ६७ अर्बको बजेट ल्याएको छ,' उनले भने, 'के आधारमा यति ठुलो बजेट बन्यो भनेर हेर्दा प्रदेशलाई विकासको गति दिने योजना पनि छैनन्।' बहुवर्षे योजनामा मुस्किलले ६०-७० प्रतिशत मात्रै बजेट राखेर टुक्रे योजनालाई प्राथमिकता दिएको उनको आरोप छ।

आर्थिक मामिलामन्त्री कुन्दन काफ्लेले राज्यकोषको पैसा प्रदेशको विकासमा लगाउनुको सट्टा विभिन्न ठाउँमा बाँड्ने काम मात्र गरेको दुलालको आरोप छ। 'यस्तो बजेटले आगामी वर्षमा बनाउने बजेटलाई समेत असर गर्छ। किनभने अहिले स्रोत अभावमा धेरै योजना कार्यान्वयन हुन सक्दैनन्। यसको चापअर्को बजेटमा परिहाल्छ,' उनले भने।

माओवादी सांसद कुमारी मोक्तानले बजेट अपारदर्शी ढंगले आएको बताइन्। 'बजेट पुस्तिक हेर्दा प्रदेशको विकासका लागि भन्दा पनि बिचौलियाका लागि मात्रै बजेट आएजस्तो महसुस हुन्छ,' उनले भनिन्, 'कुनै पनि हिसाबले चित्तबुझ्दो छैन। जुन झ्याल र ढोकाबाट आउनुपर्ने थियो, त्यहाँभन्दा अन्यत्रबाट आएकाले पनि यस्तो भएको होला।'

माओवादीकै अर्का सांसद ईश्वर सापकोटाले उत्पादन र रोजगारी सिर्जनाभन्दा बिचौलिया र कार्यकर्तालक्षित बजेट ल्याएको बताए। 'बजेटबारे छलफल गर्न डाकिएको १२ असारको बैठकसमेत १६ गतेलाई सारिएको छ,' उनले भने, 'सत्तापक्षभित्रै विरोध भएको बजेट जनताका पक्षमा कसरी होला र ?'

आर्थिक मामिलामन्त्री काफ्लेले रकम असुलेर टुक्रे योजनामा धेरै बजेट राखेको आरोप कांग्रेस संसदीय दलकै बैठकमा पनि उठेको थियो। तर, सांसद्हरू यस विषयमा औपचरिक रूपमा बोल्न हिच्किचएका छन्। काफ्लेले गत १ असारमा ६७ अर्ब ४७ करोड रुपैयाँको बजेट सार्वजनिक गरेका थिए। सो बजेटप्रति सत्तारूढ एमाले सांसदले पनि असन्तुष्टि जनाएका छन्।

त्यसैबिच, पूर्वअर्थ राज्यमन्त्रीसमेत रहेका कांग्रेस सांसद उदयशमशेर राणाले बागमती प्रदेशको बजेट आर्थिक अनुशासनबाहिर रहेको बताएका छन्। काठमाडौंमा शुक्रबार आयोजित एक कार्यक्रममा उनले कम्युनिस्ट अर्थमन्त्रीले ल्याएको संघीय बजेट व्यावहारिक रहेको, तर बागमती र मधेशको बजेटले कांग्रेसलाई मुख छोप्न बाध्य बनाएको टिप्पणी गरे। '०६४ पछि यसपटक कम्युनिस्ट अर्थमन्त्रीले ल्याएको बजेट व्यावहारिक छ। यसले निजी क्षेत्रलाई प्रोत्साहन गरेको छ। तर, बागमती र मधेशमा जुन किसिमले बजेट ल्याइएको छ। यसले अलिअलि अर्थतन्त्र बुझ्ने कांग्रेसीलाई मुखै छोप्ने परिस्थिति बनाएको छ,' उनले भने।

उनले अर्थतन्त्रबारे कम्युनिस्टलाई कांग्रेसले बुझाएको, तर आफ्नैलाई बुझाउन नसक्दा अहिलेको परिस्थिति आएको बताए। 'हामीले एमाले र कम्युनिस्टलाई अर्थतन्त्र कसरी चलाउने भनेर सिकायौँ, तर हामी आफैँले नसिक्दाचाहिँ दुःख लागेको छ।'

यसैबिच मन्त्री काफ्लेले बजेट राम्रो रहेको भए पनि हावाको भरमा अनावश्यक हल्ला गरेको प्रतिक्रिया दिए। 'सरकारको नीति, कार्यक्रमअनुसार नै बजेट सार्वजनिक गरिएको छ। संविधानले तोकेको परिधिभित्र रहेर बागमती प्रदेशमा रोजगारी सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने, विकास निर्माणलाई तीव्रता दिनेलगायत विषयमा बजेटलाई प्राथमिकतामा राखिएको छ। विगतमा अनुदान दिएर कार्यान्वयन भइरहेका परियोजनालाई पनि पिपिपी मोडलमा लैजाने गरी निरन्तरता दिइएको छ,' उनले भने, 'सांसदहरूलाई वितरण गर्दै आएको निर्वाचन क्षेत्रअन्तर्गतको कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट बनाइएको छ। त्यसमा कसैलाई काखा, कसैलाई पाखा गरिएको छैन। तर, के विषयमा असन्तुष्टि बढेको भन्ने बुझ्नै सकेको छैन।'

यसैबीच, सिन्धुली २ (१) बाट निर्वाचित कांग्रेस सांसद रामकुमार पहाडीले बिहीबारको नयाँ पत्रिकमा प्रकाशित समाचारमा ध्यानाकर्षण भएको भन्दै आपत्ति जनाएका छन्। 'उक्त समाचारमा लेखिएका कुराहरू आपत्तिजनक छन्। ती समाचारमा कुनै सत्यता नभएको कुरा आमपाठकलाई जानकारी गराउन चाहन्छु,' उनले विज्ञप्ति जारी गर्दै भनेका छन्।

काफ्लेले ल्याउन खोजेका थिए ७२ अर्बको अस्वाभविक बजेट, नमान्दा अर्थसचिव मैनालीमाथि गालीगलौज

आर्थिक मामिलामन्त्री कुन्दनराज काफ्लेले ७२ अर्बको अस्वाभाविक बजेट बनाउन दबाब बढाएका थिए। अर्थसचिव कृष्णप्रसाद मैनालीसहितका कर्मचारीले स्रोतले धान्न सक्ने करिब ६० अर्ब हाराहारीको मात्रै बजेट ल्याउन सुझाव दिएका थिए। तर, अर्थसचिव मैनालीलाई नै धम्क्याएर ६७ अर्बभन्दा बढीको बजेट ल्याइएको आरोप छ। बजेट निर्माण प्राविधिक समितिको संयोजक रहेका अर्थसचिव मैनालीको भूमिका कमजोर पारेर बजेट ल्याइयो। यसमा बिचौलिया हावी भएको दाबी गरिएको छ।

प्रतिशोधविरुद्ध रास्वपाको देशव्यापी हस्ताक्षर अभियान

उपत्यकाका १३ स्थानमा ऐक्यबद्धता डेस्क, आज ७७ वटै जिल्लामा सञ्चालन हुने

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सभापति रवि लामिछानेमाथि भएको भनिएको राजनीतिक प्रतिशोधविरुद्ध देशव्यापी हस्ताक्षर अभियान सुरु गरेको छ। शुक्रबार रास्वपाले काठमाडौं, ललितपुर र भक्तपुरका १३ स्थानमा ऐक्यबद्धता डेस्क स्थापना गर्दै अभियान विस्तार गरेको हो। पार्टीको केन्द्रीय कार्यालय वनस्थलीबाट सुरु अभियान देशभरका वडा र घरदैलोसम्म विस्तार हुने रास्वपाले जनाएको छ।

उपत्यकाबाट बाहिरिने प्रमुख नाका कलंकी चोकमा आयोजित शुभारम्भ कार्यक्रममा रास्वपा उपसभापति डिपी अर्याल, अभियान संयोजक दीपक बोहरा र अन्य केन्द्रीय सदस्य सहभागी थिए। उपसभापति अर्यालले पार्टी कार्यालय जान नसक्ने वा नेताहरूसँग प्रत्यक्ष सम्पर्क गर्न नसक्ने आमनागरिकका लागि सहज बनाउने उद्देश्यले विभिन्न स्थानमा डेस्क स्थापना गरिएको बताए।

उनका अनुसार कलंकीसँगै काठमाडौंमा चक्रपथका प्रमुख चोक बल्खु, कोटेश्वर, चाबहिल, नयाँ बसपार्क, जावलाखेल, लगनखेल, वसन्तपुर दरबार स्क्वायर, पाटन दरबार स्क्वायर र भक्तपुर दरबार स्क्वायरलगायत स्थानमा ऐक्यबद्धता बुथ सञ्चालनमा छन्। देशमा भ्रष्टाचार अन्त्य र सुशासन कायम गर्न अभियानको सुरुवात गरेका लामिछानेविरुद्ध राज्यले गरेको व्यवहारको खबरदारी गर्न यो अभियान महत्त्वपूर्ण भएको उनको भनाइ थियो।

'अन्य राजनीतिक दलहरूलाई रवि लामिछानेलाई बाहिर राख्नुहुँदैन भन्ने ठूलो त्रास र डर भयो। यसैअनुसार राजनीतिक प्रतिशोध साँधेर उहाँलाई कारागारमा राख्ने जुन प्रयास गरिएको छ, यो निन्दनीय काम हो,' उनले भने, 'सरकारले हुर्कंदै गरेको युवा पुस्ताको आशाको किरणलाई कारागारसम्म पुऱ्याउने प्रयासविरुद्ध अभियान चलेको हो। त्यसैकारण अभियानमा स्वदेश मात्र नभई संसारभरमा रहेका नेपालीले ऐक्यबद्धता जनाइरहेका छन्।'

रास्वपा नेता प्रमोद न्यौपानेका अनुसार ७ असारदेखि सुरु अभियान देशव्यापी विस्तार भइरहेको र एक सातामा १० लाखले हस्ताक्षर गरिसकेका छन्। नेपालबाहिर रहेका नेपालीले यो हस्ताक्षर अभियानमा अत्यन्तै उत्साहका साथ सहभागिता जनाइरहेको उनले बताए। न्यौपानेका अनुसार १४ असारमा देशैभर रास्वपाका ७७ जिल्ला समितिले जिल्ला सदरमुकामकेन्द्रित हस्ताक्षर अभियान सुरु गर्दै छन्। केही दिनपछि सबै गाउँपालिका र नगरपालिकामा पालिका कमिटीले यो अभियान सुरु गर्नेछन्।

उपसभापति अर्यालले हस्ताक्षर अभियानसँगै आर्थिक सहयोग पनि संकलन गरिरहेको र प्रत्येक साता यसको विवरण सार्वजनिक गर्ने बताए। 'प्रत्येक हप्ता संकलित हस्ताक्षर र आर्थिक सहयोग सार्वजनिक गरिनेछ। हामी अनुचित रूपमा चन्दा उठाउने पार्टी होइनौँ। अभियान सञ्चालन गर्न खर्च लाग्छ। हामी बाहिर व्यापारिक घरानालाई दिनुपऱ्यो भनेर जबर्जस्ती गर्दैनौँ,' उनले थपे, 'अभियान राजनीतिक प्रतिशोधविरुद्ध जनताको आवाजलाई सशक्त बनाउनु हो। न्यायालयमा विश्वास छ- उहाँ निर्दोष प्रमाणित भई छुट्नुहुनेछ।' उनले पैसाका बलमा अरू पार्टीका नेताजस्तो रास्वपाले सभापतिलाई छुटाउने खेल नखेल्ने दाबी गरे।

सक्रिय राजनीतिमा...

पृष्ठ १ बाट क्रमशः

दिनुहुन्छ,' उनले भने। पूर्वराष्ट्रपति भण्डारीले प्रधानमन्त्री ओली नै प्रमुख अतिथि भएको कार्यक्रममार्फत आफू सक्रिय राजनीतिमा फर्किन चाहेको सन्देश दिने तयारी गरेपछि पार्टीपंक्ति पनि त्यहीअनुसार विभाजित भएको छ। भण्डारीनिकट नेता-कार्यकर्ताले कार्यक्रमको सामाजिक सञ्जालमा धेरै प्रचार गरेका छन्। प्रधानमन्त्री ओलीनिकट नेता-कार्यकर्ताले खासै चासो दिएका छैनन्। बरु, उनीहरूले कार्यक्रम नै कमजोर बनाउन प्रयास गरिरहेको आरोप भण्डारीनिकट कार्यकर्ताको छ।

पार्टीको आन्तरिक राजनीतिमा सधैँ सामीप्य रहेर काम गरेका ओली र भण्डारीबिच पहिलोपटक यति दूरी देखिएको एमाले नेता-कार्यकर्ता बताउँछन्। पछिल्लोपटक ३ असारमा प्रधानमन्त्रीनिवास बालुवाटारमै दुई नेताबिच छलफल भएको थियो। जुन, सौहार्दपूर्ण नभएको नेताहरू बताउँछन्। स्रोतका अनुसार भण्डारीले ओलीसँग आफ्नो राजनीतिक उद्देश्य स्पष्ट पारेकी थिइन्।

पार्टीपंक्तिले नेतृत्वमा विकल्प खोजेको भन्दै भण्डारीले आफूलाई सहयोग गर्न ओलीलाई आग्रह गरेकी थिइन्। तर, ओलीले 'किन सहयोग ?' भनेर रुखो जवाफ दिएको स्रोत बताउँछ। भण्डारीले भेटपछि निकटस्थ नेताहरूलाई सुनाएअनुसार जवाफमा अध्यक्ष ओलीले आफूविरुद्ध अहिले घेराबन्दी भइरहेको भन्दै असन्तुष्टि पनि जनाएका थिए। 'मविरुद्ध पार्टीमा घेराबन्दी भयो भन्न थाल्नुभएको छ। अहिले पार्टी अध्यक्ष रक्षात्मक अवस्थामा देखिनुहुन्छ,' भण्डारीनिकट एक नेताले भने।

त्यसअघि चीन भ्रमणबाट फर्केपछि भण्डारी गत जेठ तेस्रो साता पूर्वी जिल्लाहरूको भ्रमणमा गएकी थिइन्। जहाँ पार्टी सचिवालयको निर्णयविपरीत उनकै फोटो टाँसिएको ब्यानरमा एमालेको स्थानीय कमिटीले कार्यक्रम गरेको थियो। आफू पार्टी राजनीतिमा फर्किने उनको प्रस्ट संकेत थियो। प्रधानमन्त्री ओलीले लगत्तै 'नेतृत्व लिने आकांक्षा नपाल्न' भन्दै भण्डारीलाई सार्वजनिक कार्यक्रमबाटै चुनौती दिएका थिए।

राष्ट्रपतिबाट बाहिरिएपछि पूर्वराष्ट्रपति भण्डारीले चीन भ्रमण गरेकी थिइन्। त्यसक्रममा उनले ११ जेठमा चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभागद्वारा बेइजिङमा आयोजित कार्यक्रममा पहिलोपटक आफूलाई एमाले नेतृका रूपमा प्रस्तुत गरेकी थिइन्। चीन भमणबाट फर्केपछि उनले चरणबद्ध रूपमा एमालेका पदाधिकारीसँग भेटवार्ता र परामर्श गर्दै आएकी छिन्। भण्डारीले यसबिचमा उपाध्यक्ष ईश्वर पोखरेलबाहेक नेताहरू रामबहादुर थापा बादल, अष्टलक्ष्मी शाक्य, अमृतकुमार बोहरा, सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली, रघुवीर महासेठ, योगेश भट्टराई, छविलाल विश्वकर्मा, गोकर्ण विष्टलगायतसँग बेग्लाबेग्लै भेट गरिसकेकी छिन्।

शनिबारको कार्यक्रममा निमन्त्रणा पाएका एमालेका एक केन्द्रीय सदस्यले फाउन्डेसनको मञ्चबाट भण्डारीले दिने सन्देश एमालेको जीवनमा एउटा घटनाका रूपमा स्थापित हुने बताए। 'म सक्रिय छु भन्ने सन्देश त उहाँले दिनुभएकै छ। अब म भावी अध्यक्ष हुँ भन्ने सन्देश उहाँले प्रवाह गर्नुहुन्छ। उहाँले हिजोआज सांकेतिक र सन्देश दिने गरी कुरा राख्दै आउनुभएको छ, शनिबार त्यही गर्नुहुनेछ,' ती केन्द्रीय सदस्यले भने।

समारोहलाई पूर्वराष्ट्रपति भण्डारीबाहेक प्रधानमन्त्री ओली, एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले सम्बोधन गर्ने कार्यक्रम छ। एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले फाउन्डेसनको कार्यक्रममा पार्टी अध्यक्ष ओली सहभागी हुने बताए। समारोहलाई सम्बोधन गरेर ओली शनिबार साँझ नै स्पेन भ्रमणमा जाँदै छन्।

चिनियाँ विदेश विभाग प्रमुख लिउ जियान्चाओसँग ११ जेठमा भएको भेटवार्तामा चिनियाँ पक्षले भण्डारीलाई सबै वामपन्थी दलहरूलाई एकताबद्ध गर्न नेतृत्व लिन शुभेच्छा जनाएका थिए। भण्डारीले पनि आफूले त्यसका लागि प्रयत्न गर्ने बताएकी थिइन्। चीनबाट फर्केपछि भण्डारीले पार्टीभित्र सक्रियता बढाएकी थिइन्।

भण्डारी दश वर्षअघि राष्ट्रपतिमा निर्वाचित हुनुअघि एमाले उपाध्यक्ष थिइन् भने राष्ट्रपति भएपछि पार्टी सदस्यता त्यागेकी थिइन्। पहिलोपटक ११ कात्तिक ०७२ मा राष्ट्रपति निर्वाचित भएपछि उनले पार्टी सदस्यता त्यागेकी थिइन्। उनी दोस्रो कार्यकालका लागि २९ फागुन ०७४ निर्वाचित भएकी थिइन्। उनी शीतलनिवासबाट २९ फागुन ०७९ मा बिदा भएकी थिइन्। गत वर्ष नै उनको पार्टी सदस्यता भने नवीकरण भइसकेको छ। फाउन्डेसनकी अध्यक्ष उषाकिरण मदन-विद्याकी ज्येष्ठ पुत्री हुन्।

सरकारी मर्यादाक्रमअनुसार पूर्वराष्ट्रपतिको ओहदा बहालवाला उपप्रधानमन्त्रीसरह, तर वरीयतामा अगाडि हो। पूर्वराष्ट्रपतिको ओहदा छैटौँ नम्बरमा छ, उनीभन्दा माथि प्रतिनिधिसभाका सभामुख/राष्ट्रिय सभाका अध्यक्ष, प्रधानन्यायाधीश, प्रधानमन्त्री, उपराष्ट्रपति र राष्ट्रपति छन्। 'सरकारी ओहदाअनुसार प्रधानमन्त्री नै वरिष्ठ हो, उहाँ विशिष्ट अतिथि हुनु स्वाभाविकै हो,' एमालेका एक नेताले भने, 'पार्टी अध्यक्षका रूपमा पनि भण्डारीले ओलीलाई स्वीकार गर्नुभएकै छ।'

शनिबार आयोजित कार्यक्रममा एमालेले वर्षभरि जननेता मदनकुमार भण्डारीको जन्मजयन्ती मनाउने र यसको समन्वयका लागि वरिष्ठ उपाध्यक्ष पोखरेललाई जिम्मा दिने घोषणा पनि हुनेछ। एक नेताका अनुसार मदन भण्डारीको हीरक जन्जयन्ती मनाउने तयारी पनि राजनीतिक उद्देश्यका लागि हो। 'वरिष्ठ उपाध्यक्ष पोखरेलको नेतृत्वमा यसका लागि अभियान सञ्चालन गर्ने घोषणाले एमालेभित्र नयाँ समीकरणको सन्देश पनि प्रवाह हुनेछ,' एमालेका अर्का नेताले भने।

एमालेमा उमेरहद राख्ने-नराख्ने विवाद छ। एमाले वरिष्ठ उपाध्यक्ष पोखरेलले पार्टीभित्र ७० वर्षका उमेरहद हुनुपर्ने धारणा राख्दै आएका छन्। एमाले अध्यक्ष ओली, महासचि शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवालीलगायत नेता भने उमेरहद राख्न नहुने पक्षमा छन्। '७० वर्षको उमेरहद राखे पनि नराखे पनि अब पार्टीमा अध्यक्षका लागि बलियो दाबेदारका रूपमा विद्या भण्डारी आइसक्नुभयो, शनिबार सबैले बुझ्ने गरी उहाँले सन्देश दिनुहुनेछ,' एमाले एक नेताले भने।

एमालेले ७० वर्षे उमेरहद विवाद २०-२२ भदौका लागि तोकिएको विधान महाधिवेशनबाट टुंग्याउने तय गरेको छ। एमालेमा अध्यक्ष केपी ओलीनिकट मानिएकाबाहेक अन्य नेताहरू उमेरहद ७० वर्ष तथा दुई कार्यकालको सीमा तोक्नुपर्ने पक्षमा उभिएका छन्। पूर्वराष्ट्रपति भण्डारीको सक्रियतासँगै उमेरहद र दुई कार्यकाल लागू गर्नुपर्ने आवाज उठ्न थालेको छ।

एमालेले विधान महाधिवेशनको तयारी थालेको छ। विधान महाधिवेशनमा प्रस्तुत हुने दस्तावेजमाथि छलफल गर्न एमालेले २ साउनमा पोलिटब्युरो र ५ साउनमा केन्द्रीय समिति बैठक बोलाएको छ। विधान महाधिवेशनमा प्रस्तुत हुने दस्तावेजबारे दुई बैठकमा छलफल हुनेछ।

बैठकमा अध्यक्ष ओलीले राजनीतिक प्रतिवेदन, उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधन र महासचिव पोखरेलले सांगठनिक प्रस्ताव केन्द्रीय समितिमा पेस गर्नेछन्। त्यहाँ पारित प्रस्ताव विधान महाधिवेशनमा पेस हुनेछ। भण्डारीले पार्टीभित्र दबाब बढाउँदै लगेर ओलीको प्रस्तावमा नेतृत्व लिने रणनीतिमा काम गरिरहेकी छिन्। 'ओलीले नै पार्टी नेतृत्वमा प्रस्ताव गर्नुहोस् भन्नेमा भण्डारी हुनुहुन्छ, अहिले जे भइरहेको छ, त्यसको दबाबका लागि हो भनेर बुझ्नुपर्छ,' भण्डारीनिकट नेताहरूको भनाइ छ, 'यद्यपि पार्टीभित्र उहाँको सक्रियता नचाहने पंक्ति पनि छ।'

एसइईमा ६१.८१%...

पृष्ठ १ बाट क्रमशः

सञ्चालन भएको परीक्षाको नतिजामा गत वर्षभन्दा १३.९५ प्रतिशत सुधार देखिएको छ। गत वर्ष ४७.८६ प्रतिशत मात्रै विद्यार्थी उत्तीर्ण भएका थिए।

बोर्डका अध्यक्ष महाश्रम शर्माले सुधारका प्रयासहरू नतिजामा देखिएको बताए। 'शिक्षक आन्दोलनका कारण कापी जाँचमा केही ढिला भए पनि नतिजा समयमै भएको छ। नतिजा सुधारका लागि विभिन्न प्रयास भएका थिए, त्यसले काम गऱ्यो,' उनले भने।

नियमित परीक्षामा सहभागी भएका चार लाख ३८ हजार ८९६ परीक्षार्थीमध्ये उच्च जिपिए ३.६ देखि ४ सम्म ल्याउने विद्यार्थीको संख्या ४८ हजार १७७ छ। त्यस्तै, जिपिए ३.२ देखि ३.६ सम्म ल्याउने ८१ हजार ३८५ जना, जिपिए २.८ देखि ३.२ सम्म ८९ हजार १२४ जना, जिपिए २.४ देखि २.८ ल्याउने ४८ हजार ४७९ जना, जिपिए २.० देखि २.४ सम्म ल्याउने चार हजार १२६ जना र जिपिए १.६ देखि २.० सम्म ल्याउने विद्यार्थी आठजना छन्।

परीक्षामा सामेल नियमिततर्फका विद्यार्थीमध्ये ननग्रेडेडको संख्या एक लाख ६७ हजार ५९७ छ। एसइईमा ग्रेडेड हुन सैद्धान्तिक परीक्षामा ३५ र प्रयोगात्मक परीक्षामा ४० प्रतिशत अंक ल्याउनैपर्ने हुन्छ। सैद्धान्तिकतर्फ ७५ पूर्णांकमा कम्तीमा २७ र आन्तरिक मूल्यांकन तथा प्रयोगात्मकतर्फ २५ पूर्णांकमा कम्तीमा १० अंक प्राप्त नगर्ने विद्यार्थी ननग्रेडेड सूचीमा हुन्छन्।

०८१ को एसइई परीक्षामा नियमिततर्फ दुई लाख ११ हजार ८५७ छात्र, दुई लाख नौ हजार ७०५ छात्रा र २३ जना अन्य सहित चार लाख २१ हजार ५८५ जना, ग्रेडवृद्धितर्फ ३४ हजार ५७० छात्र, ४० हजार ९६२ छात्रा र सात अन्यसहित ७५ हजार ५३९ जना तथा प्राविधिकतर्फ नौ हजार ८४८ छात्र, सात हजार ६३ छात्रासहित १६ हजार ९४७ जना गरी कुल पाँच लाख १४ हजार ७१ जना (२,५६,३११ छात्र, २,५७,७३० छात्रा र ३० अन्य) सहभागी थिए। तीमध्ये बोर्डले नियमिततर्फ मात्र ग्रेडेड र ननग्रेडेड विद्यार्थीको संख्या छुट्याएको हो।

■ जिपिए ४ ल्याउने विद्यार्थी संख्या ९७१

एसइईमा सबैभन्दा उच्च अंक जिपिए ४ ल्याउने विद्यार्थी संख्या करिब एक हजार छ। नतिजाअनुसार जिपिए ४ ल्याउने विद्यार्थी संख्या ९७१ छ। परीक्षा दिएका विद्यार्थीका आधारमा पनि उच्च स्कोर ल्याउने यो संख्या उत्कृष्ट मानिन्छ। गत वर्ष बोर्डले उच्च जिपिए ल्याउने विद्यार्थीको अंक सार्वजनिक गरेको थिएन।

■ गणितमा सबैभन्दा बढी कमजोर

विषयगत रूपमा सबैभन्दा धेरै विद्यार्थी गणितमा ननग्रेडेड भएका छन्। परीक्षा नियन्त्रण कार्यालयका अनुसार एक लाख २८ हजार २१५ विद्यार्थीले गणितमा ननग्रेडेड अंक पाएका छन्। गत वर्ष पनि गणित विषयमै सबैभन्दा धेरै ननग्रेडेड संख्या थियो। 'यसपालि पनि गणितमा विद्यार्थी कमजोर देखिए,' बोर्ड अध्यक्ष शर्माले भने। उनका अनुसार गणितपछि अंग्रेजीमा ८० हजार ६७२ जना, विज्ञानमा ७९ हजार २७१, नेपालीमा ५४ हजार ७३५, सामाजिक अध्ययनमा ५३ हजार १८६, अर्थशास्त्रमा ४२ हजार १५० र अतिरिक्त गणितमा १८ हजार २२२ जना विद्यार्थी ननग्रेडेड भएका छन्।

■ कुन प्रदेशमा नतिजा कस्तो ?

बोर्डका अनुसार परीक्षामा सबैभन्दा धेरै सहभागी बागमती प्रदेशका विद्यार्थी थिए। जसमा एक लाख १९ हजार ५१७ सहभागी भएकोमा २० हजार ९४६ जना ननग्रेडेड भएका छन्। त्यस्तै, कोशी प्रदेशबाट ४७ हजार ८३५ विद्यार्थी सहभागी रहेकोमा २३ हजार ६३१ विद्यार्थी ननग्रेडेड भएका छन्। त्यस्तै, मधेश प्रदेशबाट ५९ हजार ७४९ विद्यार्थी सहभागी रहेकोमा ४२ हजार ७७९ विद्यार्थी ननग्रेडेड भएका छन्।

गण्डकी प्रदेशबाट एसइईमा सहभागी हुने विद्यार्थी संख्या ४७ हजार ८४९ थियो। जहाँ ११ हजार ३२८ विद्यार्थी ननग्रेडेड भएका छन्। त्यसैगरी, लुम्बिनी प्रदेशबाट ५७ हजार ६८७ विद्यार्थी सहभागी रहेकोमा २८ हजार २७४ विद्यार्थी ननग्रेडेड भएका छन्। कर्णाली प्रदेशबाट ४६ हजार ४५५ विद्यार्थी सहभागी रहेकोमा १३ हजार ७६५ विद्यार्थी ननग्रेडेड भएका छन्। सुदूरपश्चिम प्रदेशबाट ५९ हजार ८०४ विद्यार्थी सहभागी थिए भने २६ हजार ८७४ जना ननग्रेडेड भएका छन्।

■ २३ असारभित्र पुनर्योग, २९ साउनदेखि मौका परीक्षा

राष्ट्रिय परीक्षा बोर्डले ननग्रेडेड विद्यार्थीका लागि २९ साउनदेखि मौका परीक्षा सञ्चालन गर्ने भएको छ। ननग्रेडेड सबै विद्यार्थीले मौका परीक्षा दिन पाउनेछन्। त्यस्तै, बोर्डले एसइईको नतिजामा चित्त नबुझेमा २३ असारभित्र पुनर्योग गर्ने तालिका पनि सार्वजनिक गरेको छ। आफूलाई शंका वा चित्त नबुझेमा विद्यार्थीले पुनर्योग गर्न पाउनेछन्।

■ सामुदायिक र निजीको तथ्यांक भएन सार्वजनिक

बोर्डले उत्तीर्ण हुनेमध्ये सामुदायिक र निजीका कति विद्यार्थी भन्ने तुलनात्मक तथ्यांक सार्वजनिक गरेको छैन। गत वर्ष पनि बोर्डले यस्तो सूचना सार्वजनिक गरेको थिएन। बोर्डका अध्यक्ष शर्माले केही दिनमा तुलना र मूल्यांकन गरिने बताए।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०३/१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०३/२० गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि ७ (**सात**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी/अ.प्रा.व्यक्ति/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
१) ऋणीः हरिविष्णु म्यानेजमेन्ट प्रा.लि. दर्ता गर्ने कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौं दर्ता नं. : १२७७२७/०७१/०७२, दर्ता मितिः २०७१/०७/१० ठेगानाः का.म.न.पा.३३, काठमाण्डौं पान नं. ६०२४२८२६० **ऋणी/अध्यक्ष/अ.प्रा. व्यक्तिको नामः देवु गौतम** बाबुको नाम : हरिगोपाल गौतम बाजेको नाम : विष्णु गोपाल उपाध्याय गौतम ठेगाना : काठमाण्डौं-३३, काठमाण्डौं ना.प्र.नं. : ७५४६, जारी मिति : २०४२/०८/०४ जारी गर्ने कार्यालय : जि.का., काठमाण्डौं **कर्जा लिएको शाखा : बानेश्वर, काठमाडौं**	**क) नाम : सुशीला गौतम (सुवेदी)** पतिको नामः हरिगोपाल गौतम (उपाध्याय) ससुराको नाम : विष्णु गोपाल उपाध्याय गौतम ठेगाना : का.म.न.पा.-३३, काठमाण्डौं ना.प्र.नं. : २७१०६०/२१६१७ जारी गर्ने कार्यालय : जि.प्र.का., काठमाण्डौं जारी मिति : २०६५/०३/२० **सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय भक्तपुरमा देवु गौतमको नाममा दर्ता कायम रहेको भक्तपुर जिल्ला चांगुनारायण-०९ख स्थित कि.नं. १६४८ को क्षेत्रफल २५४.३२ व.मि. को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
२) ऋणीः पिकक फेसन कलेक्सन जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवन प्रा.फ.र.नं.: ७५९/०७५/०७६, दर्ता मितिः २०७५/०९/०८ ठेगाना : रत्ननगर न.पा. १, चितवन पान नं : १०१९१९१३५ **ऋणी/प्रोप्राइटर/जमानीकर्ताकाको नामः भुवन थापा** बुबाको नामः भोजन बहादुर थापा बाजेको नाम : कृष्ण बहादुर थापा ठेगाना : चैनपुर-०९, चितवन हाल : खैरहनी-०४, चितवन ना.प्र.नं.: ३५/८४२१/०६३, जारी मिति : २०६३/०२/१७ जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन **कर्जा लिएको शाखाः टाँडी, चितवन**	**क) नामः धन कुमारी थापा** पतिको नामः भोजवहादुर थापा ससुराको नाम : कृष्ण बहादुर थापा ठेगाना : पिठुवा-०१, चितवन हालः खैरहनी- ०४, चितवन ना.प्र.नं.: १९२, जारी मिति : २०४४/१२/०२ जारी गर्ने कार्यालय : जि.का., चितवन **ख) नामः शोभा आले थापा** बाबुको नामः पदम बहादुर आले पतिको नामः भुवन थापा ससुराको नाम : भोजन बहादुर थापा ठेगानाः चैनपुर-०९, चितवन, हालः खैरहनी-०४, चितवन ना.प्र.नं.: ३५४३१००१/११९७७४ जारी मिति : २०६६/०७/१५ जारी गर्ने कार्यालय :जि.प्र.का., चितवन
सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय खैरहनी, चितवनमा श्रीमती धन कुमारी थापाको नाममा जग्गा धनी दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला चैनपुर-९क स्थित कित्ता नं ३९९ को क्षेत्रफल ७२८.०५ वर्ग मीटरको को घर/जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

शर्तहरु :
१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फाराम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावे कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

११ वर्षीया...

पृष्ठ १ बाट क्रमशः

मकैबारीमा बोलाएर बालिकामाथि सामूहिक बलात्कार भएको हो। बलात्कारपछि घटना लुकाउँदा सुरुमा घाँटी न्याकेर बेहोस बनाई भिरबाट लडाएर टाउकोमा ढुंगाले हानी हत्या गरिएको हो। भोटेकोशी- ५, मार्मिङका २१ वर्षीय निमा तेन्जिङ तामाङ, २२ वर्षीय वाङ्निमा तामाङ, ३२ वर्षीय नाम्याल शेर्पा, २० वर्षका दावा तामाङ र २३ वर्षीय लाक्पा पासाङ तामाङ मिलेर बालिकाको सामूहिक बलात्कारपछि हत्या गरेका हुन्। उनीहरू पाँचैजनालाई पक्राउ गरी अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकका एसपी रामेश्वर कार्कीले बताए। यसरी क्रूर तरिकाले हत्या गरेको घटनामा बाँचुन्जेल कैद सजाय हुने कानुनी प्रावधान छ।

एसपी कार्कीका अनुसार पूर्वयोजना बनाएरै उनीहरूले सामूहिक बलात्कार गरेको अनुसन्धानमा खुलेको छ। घटनाको अघिल्लो दिन उनीहरूले स्थानीय स्वास्थ्य चौकीबाट कन्डम किनेका थिए। १० गते बालिकाका ठुलोबुवाका छोरा निमाले उनलाई टिकटक हेर्न भन्दै योजनाअनुसार नै घरमै लगेर मोबाइल दिन्छन्। सोही मोबाइलमा साथीको मोबाइलबाट फोन गरेर मकैबारीमा बोलाउँछन्। 'मकैबारीमा पाँचजना मदिरा पिएर बसेका थिए, बालिका त्यहाँ पुगेपछि सुरुमा उनलाई चुरोट किन्न पठाएको देखिन्छ,' एसपी कार्की भन्छन्, 'चुरोट लिएर आएपछि पालैपालो उनीहरूले बलात्कार गरेका हुन्।' बालिकाले प्रतिकार गरेपछि हातखुट्टा समाएर बलात्कार गरिएको पक्राउ परेका आरोपीले प्रारम्भिक सोधपुछमा बताएका छन्। एसपी कार्कीका अनुसार बलात्कारपछि उनीहरूले घाँटी न्याकेर बेहोस बनाएका थिए। त्यसपछि शव लुकाउन भिरबाट फालिदिए। भिरमा केही तल रुखमा शव अल्झिएपछि मृत्यु नभएको हुन सक्ने ठानेर त्यहाँ पुगेर टाउकोमा ठुलो ढुंगाले हानेर हत्या गरेको प्रहरीले जनाएको छ। बालिकाको घरबाट करिब पाँच सय मिटरको दूरीमा रहेको मकैबारीमा यस्तो घटना भएको हो।

घटनाको भोलिपल्ट बिहान ९:३० मा जंगलमा च्याउ टिप्न गएका स्थानीयले भिरमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। एसपी कार्की आफैँ घटनास्थल पुगेर अनुसन्धान सुरु गरेका थिए। अनुहारसमेत नचिन्ने गरी बालिकाको टाउको फुटाइएको थियो। घटना शंकास्पद लागेपछि प्रहरीले काठमाडौंबाट तालिमप्राप्त कुकुर मगाएर अनुसन्धान अघि बढाएको थियो। कुकुरको सहयोगमा एकैदिन घटनामा संलग्नहरूको पहिचान गर्न प्रहरी सफल भएको हो।

स्थानीयहरूसँग सोधपुछ गर्ने क्रममा केही स्थानीय युवामाथि प्रहरीले निगरानी बढाएको थियो। तालिमप्राप्त कुकुरले पनि ती युवालाई नै संकेत गऱ्यो। सोही आधारमा प्रहरीले ११ गते नै तीनजनालाई पक्राउ गरेको हो। अन्य दुईजनालाई १२ गते पक्राउ गरिएको एसपी कार्कीले बताए। पक्राउ परेकाहरूले अभियोग स्वीकार गरेका छन्।

सात कक्षामा अध्ययनरत ती बालिकाकी आमा इराकमा छिन्। बुवा पनि वैदेशिक रोजगारमा बसेकोमा दुई महिनाअघि नेपाल आएका थिए। घटना भएको दिन बुवा पनि ससुराली गएका थिए। उनी घरमा दिदी र भिनाजुसँग बस्दै आएकी थिइन्। बिहेपछि पनि उनकी दिदी भिनाजुसहित माइतीघरमै बस्दै आएकी थिइन्।

अनुसन्धानमा संलग्न प्रहरीका अनुसार बालिकाले राम्रो अभिभावकत्व नपाएकाले अपराधीहरूले उनीमाथि बलात्कारको योजना बनाएको देखिन्छ। सुरुमा बालिकालाई टिकटिक हेर्न मोबाइल दिएर फकाई मकैबारीसम्म बोलाएर बलात्कार गरेका हुन्। घटनाको पोल खुल्ने डरले उनीहरूले पछि हत्या गरेर शव भिरबाट फालिदिएको हुन सक्ने एसपी कार्की बताउँछन्। हत्यापछि चारजना शव व्यवस्थापनमा लागेको र एकजना भने कन्डम फाल्न खोलातर्फ गएको खुलेको छ। प्रारम्भिक सोधपुछमा पाँचैजनाले अपराध कबोलेका छन्। उनीहरू सबै गाउँमै बस्दै आएको र कुनै काममा संलग्न नभएको प्रहरीले जनाएको छ। उनीहरूमाथि बलात्कार र हत्या मुद्दामा अनुसन्धान अघि बढाउन जिल्ला अदालतले सात दिनको म्याद दिएको छ।

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७७
शनिबार १४ असार ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

नेपाली महिला फुटबलको सयौँ अन्तर्राष्ट्रिय खेल भोलि

सन् १९८६ मा हङकङविरुद्ध अन्तर्राष्ट्रिय खेलमा डेब्यु गरेको नेपालले आइतबार एसियन कप छनोटमा लाओसविरुद्ध सय खेल पूरा गर्दै

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली महिला फुटबल टोलीले आइतबार लाओसँग प्रतिस्पर्धा गर्दै छ। एसियन महिला छनोटमा लाओसविरुद्धको प्रतिस्पर्धा महिला खेलाडीका लागि विशेष रहनेछ। यो खेल आधिकारिक रूपमा नेपाली महिला फुटबल टोलीको एक सय अन्तर्राष्ट्रिय खेलको कोसेढुंगाका रूपमा दर्ता हुनेछ। आफ्नो ऐतिहासिक खेलमा जित निकाल्न नेपाल आतुर छ। तथ्यांकअनुसार लाओस नेपालको २७औँ प्रतिद्वन्द्वी हो। यसअघि नेपालले विभिन्न २६ राष्ट्रसँग प्रतिस्पर्धा गरिसकेको छ।

अन्तर्राष्ट्रिय फुटबलकै नयाँ प्रतिद्वन्द्वी लाओस नेपालभन्दा फिफा वरीयतामा तल्लो स्थानमा छ। तर, नेपालले वरीयताका आधारमा नभएर ऐतिहासिक जित निकाल्ने तत्परताका साथ प्रतिस्पर्धा गर्नेछ। उज्वेकिस्तानमा रहेको नेपाली टोलीले लाओससँगको प्रतिस्पर्धालाई विशेष बनाउन विदेशी प्रशिक्षक प्याट्रिक डे दुई सातादेखि कडा मिहिनेत गरिरहेका छन्।

नेपालले ९९ अन्तर्राष्ट्रिय खेल प्रो लाइसेन्सविना नै प्रतिस्पर्धा गरेको थियो। एएफसी र फिफाले कुनै पनि राष्ट्रिय टोली सम्हाल्न प्रो लाइसेन्स अनिवार्य बनाएपछि अखिल नेपाल फुटबल संघ (एन्फा)ले पहिलोपटक प्रो लाइसेन्सधारीलाई टोलीको जिम्मेवारी दिएको हो।

सन् १९८६ मा नेपालले पहिलोपटक अन्तर्राष्ट्रिय खेलमा डेब्यु गरेको थियो। एएफसी महिला च्याम्पियनसिपमा नेपालको पहिलो आधिकारिक अन्तर्राष्ट्रियय खेल हङकङविरुद्ध थियो। रमा सिंहको कप्तानीमा नेपालले हङकङसँगको प्रतिस्पर्धा झिनो १-० ले गुमाएको थियो। त्यसयता नेपालले ४६ जित, १६ ड्र र ३६ हारको नतिजा निकालेको छ। अन्तर्राष्ट्रिय फुटबलमा पदार्पण गरेको ३९ वर्षको यात्रा चानचुने होइन। तर दुभार्ग्यवश, लगभग चार दशकको यात्रामा नेपाल उपाधिविहीन छ। दक्षिण एसियाली राष्ट्रमा कीर्तिमानी रूपमा अहिलेसम्म १३ अन्तर्राष्ट्रिय फाइनल खेल्दा पनि नेपालले एकपटक पनि विपक्षीलाई पाखा लगाउन सकेको छैन। धेरैजसो फाइनलमा नेपाल भारतसँग पराजित भएको अवस्था छ।





सन् १९८६ मा हङकङमा सहभागी पहिलो नेपाली राष्ट्रिय महिला टोली (बायाँ), उज्वेकिस्तानमा एएफसी एसियन कप छनोटको तयारी गरिरहेको वर्तमान टोली।

पहिलो गोल पेमाको नाममा र सर्वाधिकमा सावित्राको कीर्तिमान

सन् १९८० मा राष्ट्रिय टोली बन्यो। तर, नेपालले अन्तर्राष्ट्रिय सहभागिता जनाउन ६ वर्ष प्रतीक्षा गर्‍यो। एसिया कप च्याम्पियनसिप छनोट खेल्न एन्फाले अन्तर्राष्ट्रिय खेलमा डेब्यु गराउने निर्णय गर्‍यो। त्यसवेला बागमती, गण्डकी र नारायणीबिच मात्र घरेलु महिला फुटबल हुन्थ्यो। तत्कालीन एन्फाका अध्यक्ष कमल थापाले यसै तीन टोलीका खेलाडी मिलाएर हङकङविरुद्ध खेल्न पठाएका थिए। त्यसवेला बागमतीकी रमा सिंहलाई नै नेपाली टोलीको नेतृत्व जिम्मेवारी दिइएको थियो। रमा सिंहपछि अहिलेसम्म १० जनाले टोलीको कप्तानी गर्ने अवसर पाएका छन्। वर्तमान समयमा अन्जिलाले गोलरक्षकको समेत भूमिका निर्वाह गरेकी छिन्। उनी महिला फुटबल टोलीमा सर्वाधिक कप्तानी गर्ने खेलाडीमा पर्छिन्। अन्तर्राष्ट्रिय डेब्यु गरेको १३ वर्ष मात्र नेपालले विपक्षीको पोस्टमा गोल गर्‍यो। नेपाली महिला फुटबल इतिहासमा पहिलो अन्तर्राष्ट्रिय गोल गर्ने खेलाडी पेमा डोल्मा लामा हुन्। उनले सन् १९९९ को एएफसी महिला च्याम्पियनसिपमा उज्वेकिस्तानविरुद्ध गोल गरेकी थिइन्। स्ट्राइकर सावित्रा भण्डारीका नाममा सर्वाधिक अन्तर्राष्ट्रिय गोल छ। उनले ५८ खेलमा ५७ गोल गरेकी छिन्। उनले अनु लामाको रेकर्ड तोडेकी थिइन्। अनुले सन् २०१६ मा भारतमा भएको १२औँ दक्षिण एसियाली खेलकुदअन्तर्गत महिलातर्फको प्रतिस्पर्धामा ३५औँ अन्तर्राष्ट्रिय गोल गरेकी थिइन्।

■ सहभागी नै भएन एक दशक अन्तर्राष्ट्रिय खेलमा

सन् १९८६ मा नेपालले पहिलोपटक एएफसी महिला एसियन कपमा सहभागिता जनाएको थियो। आधिकारिक रूपमा नेपालले एएफसीले आयोजना गर्ने च्याम्पियनसिपको मुख्य प्रतियोगितामा छनोट भएको त्यही नै थियो। हङकङमा भएको एसियन कपमा नेपालले तीन खेलमा १२ गोल खाएको थियो। सन् १९८९ को संस्करणमा नेपाल समूह चरणबाटै बाहिरियो। यसपटक नेपालको पोस्टमा विपक्षीले २५ गोल गरेको थियो। एसियन कपमा लगातार खराब नतिजा व्यहोरेपछि तत्काल एन्फाले सात वर्ष टोलीलाई सहभागी नै गराएन। सन् १९९९ मा एकैपटक नेपालले एसियन कप खेल्यो। यसै प्रतियोगितामा नेपालले पहिलो अन्तर्राष्ट्रिय गोल गर्‍यो। यद्यपि, विपक्षीहरूले नेपालको पोस्टमा २९ गोल गरेका थिए।

सन् १९९१ देखि १९९७ सम्म अन्तर्राष्ट्रिय प्रतियोगिता नखेलेको नेपालले पुनरागमनमा गतिलो नतिजा निकाल्न सकेन। अन्तर्राष्ट्रिय महिला प्रतियोगितामा सहभागी हुँदा आर्थिक भार हुने र खराब नतिजा व्यहोर्ने भएकाले एन्फाले सन् १९९९ देखि २००९ सम्म कुनै पनि अन्तर्राष्ट्रिय महिला प्रतियोगितामा सहभागी नै गराएन। सन् २०१० मा नेपाली टोलीमा व्यापक परिवर्तन भयो। एक किसिमले टोलीको पुनर्संरचना भएको थियो। ११ वर्षपछि नेपालले सन् २०१० को दक्षिण एसियाली खेलकुद प्रतियोगितामा भाग लियो।

बंगलादेशको ढाकामा भएको प्रतियोतिगामा नेपालले उत्कृष्ट प्रदर्शन गरी फाइनल स्थान सुरक्षित गर्‍यो। तर, फाइनलमा नेपालले भारतसँग पराजित हुँदै रजत पदक हात पार्‍यो। फिफा महिला विश्वकप प्रतियोगितामा नेपालले खासै छनोट खेल खेलेन। सन् १९९१ देखि १९९९ सम्म एन्फाले प्रतियोगिताको छनोट खेलमै सहभागी गराएन। सन् २००३ मा नेपालले छनोट चरणबाट नाम फिर्ता लिएको थियो। सन् २००७ देखि २०१९ सम्मको महिला विश्वकपमा पनि नेपालले छनोट खेलेन। सन् २०२३ को फिफा विश्वकप एसियन छनोटबाट नेपाली महिला टोली बाहिरिएको थियो।

■ १२ राष्ट्रसँग अपराजित

चार दशकको अन्तर्राष्ट्रिय यात्रामा नेपालले २६ राष्ट्रसँग प्रतिस्पर्धा गर्‍यो। जसमध्ये नेपाल १२ राष्ट्रसँग अपराजित छ। अफगानिस्तान, कतार, श्रीलंका, इरान, इराक, कुवेत, किर्गिस्तान, लेबनान, प्यालेस्टाइन, ताजकिस्तान, पाकिस्तान र सिरियासँगको प्रतिस्पर्धामा नेपालले खेल गुमाएको छ। नेपाल यी १२ राष्ट्रसँग अपराजित नै छन्। नेपालले धेरैपटक श्रीलंकालाई हराएको छ। श्रीलंकालाई आठ अन्तर्राष्ट्रिय खेलमा नेपालले पराजित गरेको छ। अफगानिस्तान, कतार, किर्गिस्तान र लेबननविरुद्धको सामान दुई खेलमा नेपाल विजयी भएको छ। कुवेत, इरान, इराक, ताजकिस्तान र सिरियाविरुद्ध समान एक खेलमा नेपालले जित निकालेको छ। दक्षिण एसियाली राष्ट्र पाकिस्तानलाई चार खेलमा पाखा लगाएको रेकर्ड छ।


सन्	प्रतिद्वन्द्वी	खेल	जित	ड्र	हार	गोल गरेको	गोल व्यहोरेको
२०१०	अफगानिस्तान	२	२	०	०	२०	१
२०१०	बंगलादेश	१३	६	५	२	१८	९
२०१४	भुटान	५	४	१	०	२७	०
१९८६	हङकङ	३	०	१	२	०	४
२०१०	भारत	१८	२	५	११	१२	३९
१९८६	इन्डोनेसिया	३	१	०	२	२	१५
२०१९	इरान	१	१	०	३	०	३
२०२४	इराक	१	१	०	०	५	०
१९८९	जापान	३	०	०	३	०	३६
२०२४	जोर्डन	१	०	१	०	२	२
२०१३	कुवेत	१	१	०	०	८	०
२०१९	किर्गिस्तान	२	२	०	०	९	२
२०२४	लेबनान	२	२	०	०	३	१
२०१६	मलेसिया	३	१	१	१	३	५
२०१०	माल्दिभ्स	६	६	०	०	३६	०
२०१८	म्यानमार	६	०	२	४	५	१४
२०१०	पाकिस्तान	४	४	०	०	२९	०
२०२४	प्यालेस्टाइन	१	१	०	०	४	०
१९९९	फिलिपिन्स	२	०	०	२	१	७
२०१३	कतार	२	२	०	०	९	०
२०१०	श्रीलंका	८	८	०	०	३०	०
२०२४	सिरिया	१	१	०	०	४	१
२०१९	ताजकिस्तान	१	१	०	०	१	०
१९८६	थाइल्यान्ड	४	०	०	४	०	१४
१९९९	उज्वेकिस्तान	३	०	०	३	३	११
२०२३	भियतनाम	३	०	०	३	१	९
	कुल २६ राष्ट्र	९९	४६	१६	३६	२३५	१६८

दक्षिण एसियन खेलकुद

सन्	उपाधि	खेल	जित	ड्र	हार	गोल	गोल व्यहोरेको
२०१०	रजत	५	३	०	२	१७	९
२०१६	रजत	५	३	१	१	९	४
२०१९	रजत	४	२	०	२	४	३

साफ च्याम्पियनसिप

सन्	उपाधि	खेल	जित	हार	ड्र	गोल गरेको	गोल व्यहोरेको
२०१०	उपविजेता	५	४	०	१	३४	१
२०१२	उपविजेता	५	४	०	१	२४	४
२०१४	उपविजेता	५	४	०	१	१७	६
२०१९	उपविजेता	४	३	०	१	११	३
२०२२	उपविजेता	४	३	०	१	१२	१
२०२४	उपविजेता	५	३	१	१	१९	३



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com